# पोखरा विश्वविद्यालय सेवा आयोग
# शिक्षकहरुको नियुक्ति र बढुवाका लागि सिफारिस गर्ने आधारसम्बन्धी कार्यविधि, २०५७

स्वीकृत मितिः २०५७।१२।२१
अन्तिम संशोधन मिति २०७८।११।०४

परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "पोखरा विश्वविद्यालय सेवा आयोगः शिक्षकहरुको नियुक्ति र बढुवाका लागि खुला प्रतियोगिताको आधारमा सिफारिस गर्ने आधारसम्बन्धी कार्यविधि, २०५७" रहेको छ । यस कार्यविधिलाई संक्षेपमा "शिक्षक नियुक्तिसम्बन्धी कार्यविधि, २०५७" भनिनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ

**२. परिभाषा :**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "**विश्वविद्यालय**" भन्नाले पोखरा विश्वविद्यालय सम्झनुपर्दछ ।
ख. "**आयोग**" भन्नाले पोखरा विश्वविद्यालय सेवा आयोग सम्झनुपर्दछ ।
ग. "**अध्यक्ष**" भन्नाले पोखरा विश्वविद्यालय सेवा आयोगको अध्यक्ष सम्झनुपर्दछ ।
घ. "**सदस्य**" भन्नाले पोखरा विश्वविद्यालय सेवा आयोगको सदस्य सम्झनु पर्छ ।
ङ. "**प्रतियोगिता**" भन्नाले सेवा आयोगद्वारा लिइने खुला र आन्तरिक प्रतियोगिता सम्झनु पर्छ ।
च. "**परीक्षा**" भन्नाले सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक परीक्षा सम्झनु पर्छ ।
छ. "**परीक्षाको किसिम**" भन्नाले लिखित परीक्षा, सेमिनार प्रस्तुति, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा सम्झनुपर्छ ।
ज. "**शिक्षक**" भन्नाले ऐनको दफा २(ट) मा परिभाषा गरिएका शिक्षकलाई सम्झनु पर्छ । सो शव्दले आयोगको प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवार शिक्षकलाई समेत जनाउँछ ।
झ. "**न्यूनतम योग्यता**" भन्नाले पोखरा विश्वविद्यालय अन्तर्गतका शिक्षण सेवाका पदमा आवेदन गर्न प्राज्ञिक परिषद्बाट तोकिएको न्यूनतम योग्यता सम्झनुपर्छ ।
ञ. "**अङ्क**" भन्नाले यस कार्यविधिमा उल्लेख भएबमोजिम प्रदान गरिने वा दिइने अङ्क सम्झनु पर्छ ।
ट. "**निकाय**" भन्नाले पोखरा विश्वविद्यालय अन्तरर्गतका विभिन्न निकायहरुलाई सम्झनु पर्छ ।
ठ. "**नियम**" भन्नाले पोखरा विश्वविद्यालय शिक्षक कर्मचारीसम्बन्धी नियमावली २०५५ लाई सम्झनु पर्दछ ।
ड. "**शिक्षण सेवा**" भन्नाले पोखरा विश्वविद्यालय शिक्षक कर्मचारीसम्बन्धी नियमावली २०५५ को नियम ४(क) बमोजिका शिक्षण सेवा सम्झनुपर्छ ।
ढ. "**सेवा**" भन्नाले शिक्षक कर्मचारीसम्बन्धी नियमावली, २०५५ को नियम ४(क) बमोजिमको विश्वविद्यालय सेवा सम्झनुपर्छ ।

(२) ऐन वा नियम अन्तर्गत प्रयुक्त शब्द र वाक्यांशहरू यस कार्यविधिमा प्रयुक्त भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोही अनुरूप गरिनेछ ।

## परिच्छेद - २

## पदपूर्तिका लागि माग, विज्ञापन, आवेदन छानविन र स्वीकृति सम्बन्धी व्यवस्था

**३. पदपूर्ति माग गर्ने सम्बन्धी व्यवस्था :**

(१) विश्वविद्यालय सेवाका रिक्त पद स्थायी पदपूर्ति गर्नु पर्ने भएमा स्थायी पदपूर्तिको निमित्त विज्ञापन गर्नु पर्ने पद, पदको आवश्यक संख्या, प्रतियोगिताको किसिम र दरवन्दी रहने निकाय समेत खुलाई कार्यकारी परिषद्ले सोको विवरण सेवा आयोगमा पठाउनु पर्नेछ ।

(२) तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले खुला प्रतियोगिताको विज्ञापनमा भाग लिन पाउने छन् । प्रतियोगिता/समावेशी आधारमा गरिनेछ । यस व्यवस्था अनुसार विश्वविद्यालय सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ५५ प्रतिशत सबै उम्मेदवारको लागि प्रतिस्पर्धा गर्न पाउने र ४५ प्रतिशत पद महिला, आदिवाशी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएका क्षेत्रका उम्मेदवार बीच मात्र प्रतिस्प्रर्धा गराउने समावेशी आधारमा पूर्तिका लागि गर्ने व्यवस्था गरिनेछ ।

(३) विज्ञापनको निमित्त समावेशी ४५ प्रतिशत पद महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएका क्षेत्रका उम्मेदवार बीच मात्र प्रतिस्प्रर्धा गराउने समावेशी आधारमा पूर्ति गर्ने पदहरूको बर्ग, समूह बुँदा (५) मा व्यवस्था भएबमोजिम कार्यकारी परिषद्ले प्रतिशत निर्धारण गरी सेवा आयोगमा विज्ञापनको लागि पठाउनु पर्नेछ ।

(४) महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएका क्षेत्रका उम्मेदवार बीच मात्र प्रतिस्प्रर्धा गराउने समावेशी आधारमा पदपूर्ति गर्न छुट्याएको ४५ प्रतिशत पदलाई शतप्रतिशत मानी देहायबमोजिम वर्गीकृत उम्मेदवार बीच छुट्टाछुट्टै प्रतिस्प्रर्धाको आधारमा पदपूर्ति गरिनेछ ।

- (क) महिला ३३ प्रतिशत
- (ख) आदिवासी २७ प्रतिशत
- (ग) मधेशी २२ प्रतिशत
- (घ) दलित ९ प्रतिशत
- (ङ) अपाङ्ग ५ प्रतिशत
- (च) पिछडिएको क्षेत्र ४ प्रतिशत

(५) माथि उल्लेखित वर्गिकृत समूह र क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको अर्थ र प्रयोग सम्झनुपर्छ ।

(६) समावेशी तर्फ छुट्याइएका पदमा दरखास्त दिंदा अनुसूची २ को आधारमा दिनु पर्नेछ ।

(७) विश्वविद्यालय सेवाको पदपूर्तिको लागि माग गर्दाको मितिसम्म रिक्त हुन आएका पद र आगामी छ महिनाभित्रमा अवकाश तथा आन्तरिक प्रतियोगिताबाट रिक्त हुने पदसमेत यकिन गरी माग गर्न सकिनेछ ।

(८) नियममा अन्यथा स्पष्ट व्यवस्था भएकोमा वाहेक कार्यकारी परिषद्ले स्थायी पदपूर्तिको लागि माग गरी पठाएको पद र पदको संख्याको आधारमा सेवा आयोगले शिक्षक पदमा नियुक्तिको लागि सिफारिस सम्बन्धी कारवाही शुरू गर्नेछ । आयोगले विज्ञापन भएको मितिले सामान्यतया छ महीनाभित्र सिफारिसको कारवाहीको टुङ्गो लगाउने गरी कार्ययोजना बनाई लागु गर्नेछ ।

**४. विज्ञापन, आवेदन फारम छानविन र स्वीकृतिसम्बन्धी प्रक्रिया :**

सेवा आयोगले विज्ञापन र आवेदन फारम छानविन र स्वीकृति सम्बन्धी देहायको प्रक्रिया अपनाउने छ :

(क) सेवा आयोगले विभिन्न पद, विषय, तिनको संख्या एवम् प्रतियोगिताको किसिम समेत खुलाई नियुक्तिको लागि सिफारिस गर्नुपर्ने पदहरुको लागि आवश्यक योग्यता समेत उल्लेख गरी राष्ट्रिय स्तरको पत्र पत्रिका र विश्वविद्यालयको वेभसाइटमा विज्ञापन प्रकाशित गर्नेछ । विज्ञापन गर्दा प्रत्येक पद र विषय अनुसार छुट्टाछुट्टै विज्ञापन नम्वर राखी प्रकाशित गरिनेछ ।

(ख) बुँदा (क) बमोजिम आवेदन दिने म्याद प्रथम पटक विज्ञापन प्रकाशित भएको मितिले कम्तीमा ३० दिन हुनेछ । नियमानुसार थप दस्तुर बुझाई थप ७ दिनसम्म आवेदन फारम भर्ने म्याद कायम रहनेछ । तर

दोब्बर दस्तुर तिरेर आवेदन बुझाउन दिइएको अवधिलाई उमेर, शैक्षिक योग्यता, कृति प्रकाशन, अनुभव र सेवा अवधि प्रयोजनका लागि गणना गरिने छैन ।

(ग) विज्ञापन गरेका पदहरूको लागि सेवा आयोगबाट यस कार्यविधिको आवश्यकताहरू पूर्ति हुने गरी आवेदन फारमहरू तोकिने छन् ।

(घ) विज्ञापन बमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरूले आवेदन फारम साथ तोकिएको ढाँचामा निर्धारित दस्तुर दाखिला गरी तोकिएको म्यादभित्र सेवा आयोग वा आयोगले तोकेको कार्यालयमा बुझाई सक्नुपर्नेछ वा दाखिल गराई सक्नुपर्नेछ ।

ङ.) विज्ञापन अनुसार म्यादभित्र तोकिएको कार्यालयमा दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित सर्तहरू पूरा नभएको आवेदन फारममा कुनै कारवाही गरिने छैन ।

(च) विज्ञापन बमोजिम सेवा आयोगले न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुलाई मात्र प्रतियोगितामा सम्मिलित गराउनेछ ।

(छ) आयोगले प्रतियोगिताको लागि प्राप्त आवेदनहरूमध्येबाट न्यूनतम योग्यता पुगेका उम्मेदवारको नामावली प्रतियोगिता हुने दिनभन्दा सामान्यतया १५ दिन अगाडि प्रकाशित गर्नेछ । साथै प्रतियोगिता हुने मिति र स्थान बारे प्रतियोगिता हुने दिनभन्दा सामान्यतया १५ दिन अगाडि राष्ट्रिय स्तरको पत्र पत्रिका र विश्वविद्यालयको वेभसाइटमा मा सूचना प्रकाशित गरिनेछ ।

(ज) आयोगमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर, परीक्षा दस्तुर र सम्बन्धित संलग्न कागजातहरू फिर्ता गरिने छैन । तर परीक्षा रद्द भएको खण्डमा परीक्षा दस्तुर र शिक्षकहरूको अनुसन्धनात्मक कृतिहरू मात्र फिर्ता गरिनेछ ।

(झ) समावेशी समूहमा आवेदन गर्ने उम्मेदवारहरूले आयोगले तोकेको ढाँचामा आवेदन दिनु पर्नेछ ।

**५. उम्मेदवारको उमेर योग्यताको गणना :**

(१) आवेदन फारम बुझाउने व्यक्ति उम्मेदवार हुनको लागि विश्वविद्यालयको नियमानुसार पुग्नुपर्ने वा कायम रहनु पर्ने उमेर त्यस्तो आवेदन फारम बुझाउनको लागि तोकिएको अघिल्लो दिनसम्म उमेरको हद ननाघेको हुनुपर्नेछ ।

(२) उम्मेदवारको उमेर गणना गर्दा निजले दरखास्त फारम साथ पेश गरेका शिक्षण संस्थाको प्रमाणपत्रमा उल्लेख भएको जन्म दिन वा वर्ष, नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर मध्ये जुन उमेरबाट निज पहिले जन्मेको देखिन्छ सोही आधारमा निजको उमेरको गणना गरिनेछ ।

**६. आवेदन फारम उपर छानविन गर्ने :**

(१) आयोगमा प्राप्त दरखास्त फारम विज्ञापनमा उल्लेख भए बमोजिम रित पुगेको नपुगेको छानविन गरिनेछ । छानविन गर्दा आवेदन फारम रित पुगेको देखिएमा सम्बन्धित उम्मेदवारलाई परीक्षामा सम्मिलित हुनका लागि प्रवेश पत्र उपलब्ध गराउनु पर्नेछ ।

(२) बुँदा (१) बमोजिम आवेदन फारम उपर छानविन गर्दा म्यादभित्र नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित अन्य विवरण नखुलाएको वा नमिलेको, परीक्षा दस्तुर नबुझाएको वा अन्य रीत नपुगेको पाइएमा त्यस्तो आवेदन फारम उपर कुनै कारवाही गरिने छैन ।

(३) कुनै उम्मेदवारको आवेदन फारम सर्त राखी स्वीकृत गरिने छैन । बुँदा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षा प्रवेशपत्र जारी भएपछि कुनै उम्मेदवारको आवेदन फारम रीतपूर्वकको नदेखिएमा त्यस्ता आवेदन जुनसुकै अवस्थामा पनि रद्द गर्न सकिनेछ ।

७. **परीक्षा प्रवेश-पत्र सम्बन्धी व्यवस्था :**

(१) परीक्षा प्रवेशपत्रको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ । उम्मेदवारले प्रवेश पत्रमा उल्लेख भएका शर्तहरू पालना गर्नु पर्नेछ । त्यस्तो शर्तहरूको पालना नगर्ने उम्मेदवारलाई आयोगले उपयुक्त ठहऱ्याएमा कारबाही गर्नसक्नेछ ।

(२) आयोगले प्रदान गरेको प्रवेशपत्र हराएमा वा नासिएमा सम्बन्धित व्यक्तिको निवेदनका आधारमा आवश्यक देखिएमा आयोगले तोकेको दस्तुर लिई परीक्षा प्रवेश पत्रको प्रतिलिपि उपलब्ध गराउनेछ ।

## परिच्छेद - ३

## प्रतियोगिताको किसिम, अनुपात र पदपूर्ति

८. **प्रतियोगिताको किसिम :**

(१) सेवा आयोगले शिक्षण सेवाका पदमा देहायका उल्लेखित प्रतियोगिताका आधारमा शिक्षक पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ ।

(क) खुला प्रतियोगिता : यस कार्यविधिको अनुसूची १ मा तोकिएको न्यूनतम योग्यता पुगेका आवेदकहरूलाई मात्र सेवा आयोगले खुला प्रतियोगितामा सम्मिलित गराउनेछ ।

(ख) आन्तरिक प्रतियोगिता : यस कार्यविधिमा अन्यत्र जेसुकै व्यवस्था भएतापनि शिक्षण सेवा अन्तर्गतका कुनै पनि पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षामा सम्भाव्य उम्मेदवार वन्न पोखरा विश्वविद्यालय शिक्षक कर्मचारीसम्बन्धी नियमावली २०५५ को नियम ८२(२) मा तोकिएको योग्यता पुगेको हुनुपर्नेछ ।

(२) खुला प्रतियोगिता र आन्तरिक प्रतियोगिताका लागि विज्ञापन गर्ने पदको अनुपात देहायबमोजिम पूर्ति गरिनेछ :

| पद | खुला प्रतियोगिता | आन्तरिक प्रतियोगिता |
|---|---|---|
| प्राध्यापक | ४०% | ६०% |
| सह-प्राध्यापक | ४०% | ६०% |
| उप-प्राध्यापक | १०० % | - |

(३) प्राध्यापक र सह-प्राध्यापक पदको पदपूर्ति खुला र आन्तरिक दुवै प्रतियोगिताबाट हुनेछ । तर उप-प्राध्यापक पदको पदपूर्ति खुला प्रतियोगिताबाट मात्र हुनेछ ।

(४) प्रशिक्षकको विभिन्न पदमा कार्यरत प्रशिक्षकहरुलाई आन्तरिक र खुल्ला प्रतियोगिताको माध्यमवाट पदपूर्ति गर्ने संख्या कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

(५) आन्तरिक प्रतियोगिताका लागि छुट्याइएको सबै वा केही पदमा संभाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसकेमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो त्यस्तो पद सोही वर्षको खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

(६) प्रतिशत विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने र दशमलव पछि खुल्ला र आन्तरिक प्रतियोगितामा भागफल बराबर आएमा आन्तरिक प्रतियोगितालाई प्राथमिकता दिइनेछ ।

(७) आन्तरिक प्रतियोगिताबाट पदोन्नतिका लागि आवेदन दिने कुनै पनि शिक्षकले तह नाघी माथिल्लो पदका लागि उम्मेदवारी दिन पाउने छैन ।

(८) पोखरा विश्वविद्यालयमा स्थायी अध्यापन गराउने एकभन्दा वढी संकायमा पठन पाठन हुने विषय शिक्षकका हकमा कार्यरत संकायबाट अर्को संकायको सोही विषयको दरबन्दीमा पोखरा विश्वविद्यालय सेवा आयोगको विज्ञापन अनुसार आवेदन दिई उम्मेदवार हुन कुनै बाधा व्यवधान हुने छैन । यसरी

आवेदन दिने उम्मेदवारले नियम अनुसारको कार्य सम्पादन मूल्यांकन फारम आफू कार्यरत रहेकै संकायको डीनबाट गराई उपकुलपतिबाट पूनर्मूल्यांकन गराउनु पर्ने छ । गणित विषयको हकमा पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकायमा स्थायी शिक्षक हुनका लागि विज्ञान शास्त्र (गणित) मा स्नातकोत्तर गरेको हुनु पर्नेछ । । अन्य संकायमा विज्ञान शास्त्र वा कलाशास्त्रमा स्नातकोत्तर गरेको हुनु पर्नेछ । साथै विश्वविद्यालयमा अध्यापन हुने अग्रेजी, नेपाली, अर्थशास्त्र लगायतका विषयहरु कलाशास्त्रमा स्नातकोत्तर गरेको हुनु पर्नेछ ।

(९) खुल्ला र आन्तरिक प्रतियोगिताको विज्ञापन एकै समयमा भएको भए अन्तिम नतिजा प्रकाशित गर्दा पहिला आन्तरिक प्रतियोगिता र त्यस पछि खुल्ला प्रतियोगिताको नतिजा प्रकाशित गर्ने व्यवस्था गरिनेछ । कुनै कारणवस आन्तरिक प्रतियोगिताको नतिजा प्रकाशन गर्न ढिलाई हुने अवस्था सिर्जना भएमा सेवा आयोगले कारण सहित निर्णय गरेर खुल्ला प्रतियोगिताको नतिजा प्रकाशन गर्न यो नियमले वाधा गर्ने छैन ।

(१०) खुल्ला र आन्तरिक प्रतियोगिताका अन्तिम नतिजा प्रकाशित गर्दा विज्ञापन प्रकाशित गर्दाको क्रमसंख्याको आधारमा वा पहिलो नम्वर देखि क्रमैले प्रकाशित गरिनेछ । कुनै कारणवस क्रमसंख्याको आधारमा वा कुनै क्रमसंख्याको नतिजा प्रकाशन नगरी त्यस पछिको विज्ञापन नम्वरका नतिजा प्रकाशन गर्नुपर्ने भएमा सेवा आयोगले कारण सहित निर्णय गरेर त्यस पछिका विज्ञापन नम्वर वा क्रमसंख्याका आधारमा क्रमैले नतिजा प्रकाशन गर्न यस नियमले बाधा गर्ने छैन् ।

## परिच्छेद - ४
## आन्तरिक प्रतियोगिता, पूर्णाङ्क तथा अङ्क विभाजन

### ९. आन्तरिक प्रतियोगिताको सिफारिसका आधार र पूर्णाङ्क :

(१) आन्तरिक प्रतियोगिता अन्तरगत देहायका पदमा नियुक्तिको लागि सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क देहाय बमोजिम हुनेछ ।

| आधार | प्राध्यापक/सह-प्राध्यापक | प्रशिक्षक /उप-प्रशिक्षक |
|---|---|---|
| शैक्षिक योग्यता | ४० | ४० |
| अनुसन्धान तथा कृति प्रकाशन | ३५ | - |
| तालिम | - | २० |
| सेवा अनुभव | ४० | ५० |
| कार्यसम्पादन | १५ | २० |
| अन्तर्वार्ता | २० | २० |
| जम्मा पूर्णाङ्क | १५० | १५० |

## १०. शैक्षिक योग्यताको अङ्क विभाजन :

(१) आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ प्राध्यापक र सह-प्राध्यापक शैक्षिक योग्यताको अङ्क देहायअनुसार विभाजन गरिएको छ :

| शैक्षिक योग्यता | प्रथम श्रेणी वा सोभन्दा माथि/CGPA | द्वितीय श्रेणी/CGPA | तृतीय श्रेणी/CGPA |
|---|---|---|---|
| स्नातक वा सो सरह | ८ | ६ | ४ |
| स्नातकोत्तर वा सो सरह | १७ | १४ | |
| एम. फिल.(M.Phil) | ५ | | |
| पि.एचडी (P.hD) | १५ | | |

(२) आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ प्रशिक्षक र उप-प्रशिक्षक शैक्षिक योग्यताको अङ्क देहायअनुसार विभाजन गरिएको छ :

| शैक्षिक योग्यता | प्रथम श्रेणी वा सोभन्दा माथि/CGPA | द्वितीय श्रेणी/CGPA | तृतीय श्रेणी/CGPA |
|---|---|---|---|
| प्रविणता वा सो सरह | ७ | ५ | ३ |
| स्नातक वा सो सरह | १५ | १३ | ११ |
| स्नातकोत्तर वा सो सरह | १८ | १६ | १४ |

प्रष्टिकरण : कुनै श्रेणी नखुलेको शैक्षिक योग्यतार वा उपाधि र CGPA लाई उम्मेदवार स्वयमले सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान वा वोर्डबाट प्रतिशत निर्धारण गरेको प्रमाण पेश गर्नु पर्नेछ । अन्यथा द्वितीय श्रेणी सरहको मूल्यांकन गरिनेछ ।

(३) बुँदा (१) र (२) मा उल्लेख भएका अतिरिक्त शैक्षिक योग्यता सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ :

(क) स्नातक पछि स्नातकोत्तर तह उत्तीर्ण नगरी सिधै सम्बन्धित विषयमा विद्यावारिधि गर्नेको हकमा स्नातकोत्तर तहको प्रथम श्रेणी सरहको अङ्क प्रदान गरिनेछ । स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यावारिधि गरेको अवस्थामा मात्र स्नातकोत्तर तह र विद्यावारिधिको दुवैको अङ्क प्रदान गरिनेछ ।

(ख) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

(ग) भिन्न विषयको समान तहको एकभन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको भए तीमध्ये आवेदित पदसँग सम्बन्धित एउटा मात्र शैक्षिक योग्यता वा उपाधिको लागि अङ्क दिइनेछ ।

(घ) विदेशी विश्वविद्यालयबाट प्राप्त गरेका उपाधि (श्रेणी वा ग्रेड समेत खुलेको) पोखरा विश्वविद्यालयले मान्यता दिएको विश्वविद्यालयबाट स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि पनि पेश गर्नु पर्नेछ । अन्यथा आवेदन फारम स्वीकृत गरिने छैन । नेपाल भित्रका सबै विश्वविद्यालयहरूमा अध्ययन गरेकाहरुले पोखरा विश्वविद्यालय सेवा आयोगमा आवेदन दिनका लागि स्तर निर्धारणको प्रमाणित प्रतिलिपि नभए पनि मान्यता दिइनेछ ।

(ङ) उम्मेदवार स्नातकोत्तर पछि एम.फिल.(M.Phil) भएमा एम.फिल.(M.Phil) को पनि अङ्क दिइनेछ । तर उम्मेदवार पि.एचडी.(Ph.D) समेत भए एम.फिल.को अङ्क नदिई पि.एचडी.(Ph.D) को मात्र अङ्क दिइनेछ ।

(च) विज्ञापन प्रकाशित भएपछि आवेदन फारम भर्ने अन्तिम मितिसम्म पूरा नभएका अथवा आवेदन फारममा उल्लेख नभएका शैक्षिक उपाधिहरुको अङ्क दिईने छैन ।

(छ) सम्बन्धित उम्मेदवारले आयोगमा पेश गरेको विद्यावारिधिको उपाधि वा प्रमाण पत्र आवेदित विषयसंग सम्बन्धित भए नभएको स्पष्ट हुन आवश्यक देखिएमा  आवेदित विषयसँग सम्बन्धित छ भनी कार्यरत निकायको सम्बन्धित डीन कार्यालय मार्फत सम्बन्धित विषय समितिको बैठकको निर्णयबाट सिफारिस भई आएमा त्यस्तो उपाधिलाई मात्र विद्यावारिधि वापतको अङ्क प्रदान गरिनेछ ।

## ११. अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजन :

(१) आन्तरिक प्रतियोगिताको प्राध्यापक र सह-प्राध्यापक पदका लागि अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजन देहायअनुसार हुनेछ :

| विवरण | प्राध्यापक | | सह-प्राध्यापक | |
|---|---|---|---|---|
| | प्रति एकाइको अधिकतम अङ्क | अधिकतम पाउने अङ्क | प्रति एकाइको अधिकतम अङ्क | अधिकतम पाउने अङ्क |
| १. सम्बन्धित विषयको पाठय पूस्तक | २ | ४ | २ | ४ |
| २. सम्बन्धित विषयको सन्दर्भ वा अनुसन्धान ग्रन्थ | २ | ४ | २ | ४ |
| ३. विषयगत अनुसन्धनात्मक प्रतिवेदन | १.५ | ३ | १.५ | ३ |
| ४. पि.एचडी. शोध निर्देशन | १.५ | ३ | १.५ | ३ |
| ५. एम.फिल. वा स्नातकोत्तर तहको शोध निर्देशन | १ | ६ | १ | ६ |
| ६. विषयगत अनुसन्धानात्मक लेख प्रकाशन (अधिकतम अंक १५) | | | | |
| ६.१ SCImago Journal Q1 | ३ | १५ | ३ | १५ |
| ६.२ SCImago Journal Q2 | २.५ | १२ | २.५ | १२ |
| ६.३ SCImago Journal Q3 | २ | १० | २ | १० |
| ६.४ SCImago Journal Q4 | १.७५ | ८ | १.७५ | ८ |
| ६.२ Refereed/Peer Reviewed Journal | १.५ | ६ | १.५ | ६ |
| ६.३ Other Journal | १ | ५ | १ | ५ |
| अधिकतम पाउने अङ्क | | ३५ | | ३५ |

नोटः विषयगत जर्नलमा प्राध्यापक/सह-प्राध्यापक पदको आन्तरिक प्रतियोगितामा प्रकाशित लेखको योग १५ भन्दा बढी भए तापनि जर्नलमा प्रकाशित लेखको अधिकतम अंक १५ हुनेछ । माथिल्लो स्तरको जर्नलमा प्रकाशित लेख उक्त समुह अन्तर्गतको मूल्यांकनमा पूर्णाकका लागि आवश्यकभन्दा वढी संख्यामा भएमा बढी भएका जर्नलको सोभन्दा तल्लो स्तरको जर्नल सरह मूल्यांकनगरिनेछ । अनुसन्धान तथा कृति प्रकाशनमा आन्तरिक प्रतियोगिताको महलको योग ३५ भन्दा बढी भए तापनि अनुसन्धान तथा कृति प्रकाशनको अधिकतम अंक ३५ हुनेछ ।

(२) प्रशिक्षक र उप प्रशिक्षकको हकमा प्रतियोगिता हुने पद भन्दा एक तहमुनि स्थायी वा प्रतियोगिता हुने समान पदमा अस्थायी वा करार सेवामा रहदा लिएको तालिमको पूर्णाङ्कमा नवढ्ने गरी दुईवटासम्म तालिमलाई अङ्क दिइनेछ । तालिम सम्बन्धी अंक विभाजन गर्दा नौ महिना सम्म अवधि को तालिमको लागि १० अङ्क , ६ महिना सम्मको लागि ६ अङ्क, ४ महिना सम्मको लागि ४ अङ्क र १ महिना सम्मको लागि २ अङ्क दिईनेछ । तालिम वापतको अङ्क मान्यता प्राप्त विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, सिटिईभिटी, स्टाफ कलेज जस्ता सरकारी निकाय तथा प्रतिष्ठानहरुवाट लिएको तालिमलाई मात्र दिइनेछ ।

(३) बुँदा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा उम्मेदवारहरूलाई अङ्क प्रदान गरिनेछ ।

(क) ISBN नभएका पुस्तक र ISSN नभएको जर्नलको मूल्याङ्कन गरिने छैन । Online मा प्रकाशित जर्नल उम्मेदवारले आफ्नो कृतिमा समावेश गरी पेश गरेमा उक्त कृति जुन वर्गको कृतिमा पर्छ सोही वर्गको लागि छुट्याइएको कृति मानी मूल्याङ्कन गरिनेछ । तर Online जर्नलको नाम, कृति प्रकाशन मिति र Web site स्पष्ट हुनुपर्नेछ ।

ख) बहुलेखकको नाममा प्रकाशित कृतिको मूल्याङ्कन गर्दा Principal Author र अन्यलाई अधिकतम ५० प्रतिशतका दरले अङ्क प्रदान गरिनेछ ।

(ग) अनुसन्धान तथा कृतिमूल्याङ्कन गराउँदा सेवा आयोगले सम्बन्धित विषयका २ (दुई) जना विशेषज्ञ रहेको कृतिमूल्याङ्कन समितिवाट गराउनेछ । मूल्याङ्कन गरे पछि विशेषज्ञले आवेदकले प्राप्त गरेको प्राप्ताङ्क सेवा आयोगले दिएको ढाँचामा उल्लेख गरी सिलवन्दी गरी बुझाउनु पर्नेछ । तर कुनै विषयमा सम्बन्धित विषयका २ (दुई) जना विज्ञ उपलब्ध हुन नसकेमा अन्य नजिकका विषयको विज्ञद्वारा समेत सेवा आयोगले कृतिमूल्याङ्कन गराउन सक्नेछ ।

(घ) आन्तरिक प्रतियोगिताको हकमा अनुसन्धान तथा कृति प्रकाशनको अङ्क आवेदित पदभन्दा एक तह मुनिको पदमा लेखिएको पुस्तक, कृति, अनुसन्धान कार्य आदि वापत मात्र अङ्क प्रदान गरिनेछ । विज्ञापन प्रकाशित भइसकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृतिहरूलाई मूल्याङ्कनमा समावेश गरिने छैन । अनुसन्धान गरिएका संस्थावाट सो स्वीकृत भै सकेको भन्ने व्यहोराको सक्कल पत्र संलग्न गर्नुपर्नेछ ।

(घ१) यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा लेखिएको भएतापनि आवेदित पदभन्दा एक तह मुनीको पदमा स्थायी नियुक्ति / बढुवा हुँदा विज्ञापन प्रकाशित भइसकेपछि प्राकाशित पुस्तक, कृति, अनुसन्धान कार्य आदिलाई मूल्याङ्कन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । आवेदित पदभन्दा तल्लो पदमा स्थायी हुँदा प्रकाशित विज्ञापनको मिति उम्मेदवार स्वयम्ले सम्बन्धित निकायबाट खुलाई पेश गर्नु पर्नेछ ।

(ङ) समाचार पत्रहरुमा छापिएका लेखको मुल्याङ्कन गरिने छैन । साथै सम्पादन कार्य, अनुवाद कार्य, गाईड तथा सङ्कलन कार्य मात्र भएका कृतिहरु तथा एब्स्ट्रयाक्ट (सारसंक्षेप) को मूल्याङ्कन गरिने छैन । जर्नलको एक अङ्क (Issue) बाट एक उम्मेदवारको एउटा लेख मात्र मूल्याङ्कन हुनेछ ।

(च) विद्यावारिधि तहको शोध निर्देशन गरी शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको भए प्रति शोध निर्देशनको १.५ अङ्कको दरले ३ अङ्क अधिकतम अङ्क प्रदान गरिनेछ । उपरोक्त अङ्क आवेदित पदभन्दा एक तह मुनिको पदमा हुँदा गरेको शोध निर्देशन कार्य वापत मात्र प्रदान गरिनेछ । यसका निमित्त शोधार्थीको नाम शोधको शीर्षक तथा शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्वन्धित निकाय वा संस्थावाट लेखिएको पत्रको सक्कल प्रति नै पेश गर्नुपर्नेछ । शोधार्थीहरूको मुख्यशोध निर्देशक भई शोध निर्देशन गरेको भएमा मात्र विद्यावारिधि शोध निर्देशन वापत अङ्क प्रदान गर्न गरिनेछ ।

(छ) एम.फिल.वा स्नातकोत्तर तहको शोध निर्देशन गरी शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको भएमा १ अङ्कको दरले ६ अङ्क अधिकतम प्रदान गरिनेछ । उपरोक्त अङ्क आवेदित पदभन्दा एक तह मुनिको पदमा हुँदा गरेको शोध निर्देशन कार्य वापत मात्र प्रदान गरिने छ । यसका निमित्त शोधार्थीको नाम शोधको शीर्षक तथा शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्वन्धित निकाय वा संस्थावाट लेखिएको सक्कल प्रति नै पेश गर्नुपर्नेछ ।

(झ) अनुसन्धान केन्द्रमा कार्यरत शिक्षकहरुले अनुसन्धान वापत छुट्याएको अङ्क प्राप्त गर्न आफू कार्यरत अनुसन्धान केन्द्रवाहेक अन्य क्षेत्रबाट गरेको अनुसन्धान प्रतिवेदन मात्र पेश गर्न सक्नेछ ।

(ञ) आवेदकले प्रत्येक महलमा उल्लेख गरिएका कृतिहरुका अतिरिक्त पेश गरेका सवै कृतिहरूको मूल्यांकन गरी प्रत्येक महलमा उल्लेखित अधिकतम अङ्क नबढने गरी अङ्क प्रदान गरिनेछ ।

(ट) पुस्तकमा स्पष्ट रुपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनुपर्नेछ । प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएका पुस्तकहरु मूल्यांङ्कमा पर्ने छैन । सो आधारमा सम्वन्धित विषयको पाठ्यपुस्तकलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहायबमोजिम निर्धारण गरिनेछ :

क. पाठ्यक्रममा उल्लेखित विषय वस्तुको आवरण पृष्ठ (Cover)
ख. विषयवस्तुको गहिराई
ग. भाषा
घ. तह अनुरूप विषयवस्तुको प्रस्तुतीकरण
च. आवश्यक चार्ट, चित्र, तालिका
छ. सन्दर्भ सामग्री, सूची

**नोटः** पाठ्पुस्तक भन्नाले स्नातक तह, स्नाकोत्तर तह वा सो भन्दा माथिको तहको लागि लेखिएको पुस्तक सम्झनु पर्छ । अनुवाद गरेका पुस्तकहरुलाई र सम्पादन मात्र गरेका पुस्तकहरुलाई मुल्याङ्कनमा समावेश गरिने छैन ।

(ठ) सम्वन्धित विषयको अनुसन्धान / सन्दर्भ ग्रन्थलाई अङ्क प्रदान गर्ने न्यूनतम आधार देहाय बमोजिम निर्धारण हुनेछ :

क. मौलिक खोज वा अनुसन्धानमा आधारित भई अनुसन्धान विधिको प्रयोग भएको
ख. सम्बन्धित विषयलाई योगदान पुग्ने
ग. भाषा र प्रस्तुतीकरण
घ. तह अनुरुप विषयवस्तुको प्रस्तुतीकरण
ङ. आवश्यक चार्ट, चित्र, तालिका
च. सन्दर्भ सामग्री, सूची

ड) विषयगत अनुसन्धान प्रतिवेदनलाई अङ्क प्रदान गर्ने न्यूनतम आधार देहायबमोजिम निर्धारण हुनेछ

क. विषयसंग सम्वन्धित
ख. उद्देश्य अनुरुप विषयवस्तुको संगठन र प्रस्तुतीकरण
ग. अनुसन्धान विधिको स्पष्टता
घ. विश्लेषण र विवेचनाको गहनता
ङ. निष्कर्ष वा प्राप्तिमा आधारित सुझाव ।

**ढ)** राष्ट्रिय र अन्तराष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धान लेख तथा विषयगत अनुसन्धानात्मक लेखलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहायबमोजिम निर्धारण गरिने छ -

क. शिर्षक र विषयवस्तुको सम्वन्ध
ख. उद्देश्य अनुरुप विषय वस्तुको प्रस्तुतीकरण
ग. मौलिकता
घ. विश्लेषण
ङ सन्दर्भ सामग्री, सूची

**ण)** अनुसन्धान प्रतिवेदनको साथमा अनुसन्धान गराउने संस्थाले अनुसन्धान पुरा भएको बर्ष तथा उक्त अनुसन्धान प्रतिवेदन मुल्याङ्कन भई स्वीकृत भएको भन्ने विवरण सहितको आधिकारिक पत्रको सक्कल नै अनुसन्धान प्रतिवेदनमा संलग्न हुनु पर्ने छ । यस्तो आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान प्रतिवेदन मुल्याङ्कनको लागि योग्य हुने छैन ।

(त) उम्मेदवारले आवेदन फारम संगै पेश गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची आवेदन फारमका साथै तोकिएको ढाँचामा समेत उल्लेख गरी पेश गर्नु पर्नेछ ।

(थ) अनुसन्धानात्मक र अन्य कृतिहरु (पुस्तक, कृति, अनुसन्धान ग्रन्थ आदि) को प्रकाशकको सम्पर्क गर्ने ठेगाना समेत उल्लेख भएको हुनुपर्नेछ ।

(द) आवेदकले आवेदन फारम संगै पेश गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिको सूची पोखरा विश्वविद्यालय सेवा आयोगले आवेदन फारममा कृतिका लागि दिएको ढाँचामा उल्लेख गरिए बमोजिमको एक प्रतिका अतिरिक्त अर्को प्रति सोही ढाँचा अनुरुप हार्ड कपी/सफ्ट कपी (Hard copy/Soft copy) पनि आवेदक स्वयंले तयार पारी आवेदन फारम साथै पेश गर्नुपर्नेछ ।

(ध) उम्मेदवारले आफैले वा अरुले प्रकाशन गरेको लेख वा पुस्तकबाट सन्दर्भ उल्लेख नगरी अर्को लेखमा ३० प्रतिशतभन्दा बढी हुने गरी कुनै अंश जस्ताको तस्तै उद्धृत गरेको रहेछ भने त्यस्तो कृति मूल्याङ्कन गरिने छैन ।

(न) उम्मेदवारले पेश गरेका कृतिमा आवेदित पद र बिषयसँग सम्बन्धीत छैन भनि उजूरी परेमा त्यस्ता कृति आवेदित पद र बिषयसँग सम्बन्धित छ भनि एकीन गर्नुपरेको अवस्थामा मात्र सेवा आयोगले उम्मेदवार कार्यरत रहेको सम्बन्धीत डीन कार्यालय मार्फत सम्बन्धित विषय समितिलाई पत्राचार गरी सो विषय समितिबाट एकीन गरी सेवा आयोगमा सिफारिस भई आएमा मात्र त्यस्तो कृतिमूल्यांङ्कन गरिनेछ ।

(प) उम्मेदवारहरूले पेश गरेका कृतिहरू नतिजा प्रकाशन भएको मितिले ४५ दिन देखि ७५ दिन भित्रमा फिर्ता लान सक्ने छन् । उल्लेखित मिति भित्र आफ्नो कृतिहरू फिर्ता नलगेमा सेवा आयोग जवाफदेही हुने छैन् ।

**१२. कृतिमूल्यांङ्कनसम्बन्धी व्यवस्थाः**

(१) अनुसन्धान तथा कृतिमूल्याङ्कन गराउँदा सेवा आयोगले सम्वन्धित विषयका २ (दुई) जना विशेषज्ञ रहेको कृतिमूल्याङ्कन समिति गठन गरिनेछ । समितिले कार्यविधि ११ मा उल्लेख भएको शीर्षक अनुसार प्रत्येक शीर्षकमा उम्मेदवारले प्राप्त गरेको अङ्क प्रदान गर्नेछ । मूल्याङ्कन गरे पछि विशेषज्ञले आवेदकले प्राप्त गरेको प्राप्ताङ्क सेवा आयोगले दिएको ढाँचामा उल्लेख गरी सिलबन्दी गरी वुझाउनु पर्नेछ । तर कुनै विषयमा सम्बन्धित विषयका २ (दुई) जना विज्ञ उपलव्ध हुन नसकेमा नजिकको विषयको विज्ञद्वारा समेत सेवा आयोगले कृतिमूल्याङ्कन गराउन सक्नेछ ।

(२) उम्मेदवारसँग सह-लेखक भई कुनै कृति प्रकाशन गरेको भए त्यस्तो कृतिको सह-लेखक कृतिमूल्यांङ्कनको लागि विशेषज्ञको रुपमा रहन योग्य हुने छैन ।

(३) आयोगले अन्तरवार्ता हुनु अगाडि नै कृतिमूल्यांङ्कन गराई विशेषज्ञबाट प्राप्त अङ्क सिलबन्दी गराई राख्नु पर्नेछ ।

## परिच्छेद - ५

## आन्तरिक प्रतियोगिताको लागि शिक्षण सेवा अनुभवको अङ्क विभाजन

**१३. शिक्षण सेवा अनुभवको अङ्क विभाजन :**

(१) आन्तरिक प्रतियोगिताको लागि सेवा अनुभवको अङ्क प्रदान गर्दा देहायबमोजिम अङ्क प्रदान गरिनेछ ।

(क) आन्तरिक प्रतियोगिताबाट प्राध्यापक र सह-प्राध्यापक पदमा आवेदन गरेका उम्मेदवारको प्रयोजनको लागि सेवा अवधि गणना गर्दा आवेदित पदभन्दा एक तह मुनि काम गरे वापत प्रति वर्ष २.५ अङ्क र साविक पदभन्दा तल्लो पदहरूमा काम गरेवापत प्रति वर्ष १.५ अङ्कका दरले अधिकतम ४० अङ्क प्रदान गरिनेछ ।

(ख) सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिना भन्दा घटी अवधिको (दिनको) लागि अङ्क दिइने छैन । नोकरी अवधिको गणना गर्दा अटुट रूपमा गरेको अवधिलाई जोडिने छ । यसरी जोड्दा उम्मेदवार आफू बहाल रहेको पद र सोभन्दा तल्लो पदमा काम गरेको अवधि जोडी एक वर्ष अवधि पुगेमा जुन पदमा बढी महिना काम गरेको देखिन्छ सो पदको अङ्क दिइनेछ ।

(ग) वेतलबी काज वा वेतलबी विदा बसेका शिक्षकको हकमा कार्यविधिको परिच्छेद ४ को बुँदा ९ को अङ्क प्रदान गर्ने आधार अन्तर्गतको सेवा अनुभव अङ्क दिने प्रयोजनका लागि सो काज वा विदाको अवधि गणना गरिने छैन ।

(घ) सेवा अवधि गणना गर्दा आवेदन फारम भर्ने समयसम्मको (थप दस्तुर वाहेकको) सेवा अवधि मात्र अङ्क दिने प्रयोजनको लागि गणना गरिनेछ ।

(ङ) विद्यावारिधि /उच्च अध्ययनको मौका प्राप्त गरी अध्ययन बिदामा रही तोकिएअनुसारको अध्ययन पूरा नगरी फर्कने शिक्षकहरूले आयोगबाट प्रकाशित विज्ञापनमा पदोन्नतिका लागि आवेदन दिएमा निजले उपभोग गरेको अध्ययन बिदा अवधिको शिक्षण सेवा अनुभव वापतको अङ्क दिने प्रयोजनका लागि सो अध्ययन बिदाको अङ्क दिइने छैन ।

(च) शैक्षिक पदहरुका लागि सेवा अवधि गणना गर्दा विश्वविद्यालयमा स्थायी नियुक्ति भई शिक्षण सेवा गरे देखिको मात्र गणना गरी अनुभवको अङ्क दिइनेछ ।

## परिच्छेद - ६
## खुल्ला प्रतियोगिता, पूर्णाङ्क तथा अङ्क विभाजन

### १४. खुल्ला प्रतियोगिताको सिफारिसका आधार र पूर्णाङ्क :

(१) खुल्ला प्रतियोगिता अन्तरर्गत देहायका पदमा नियुक्तिको लागि सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क देहायबमोजिम हुनेछ ।

| क.स | आधार | प्राध्यापक/ सह-प्राध्यापक | उप-प्राध्यापक | प्रशिक्षक, उप-प्रशिक्षक र सहायक प्रशिक्षक |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ५५ | ५० | ५० |
| २ | अनुसन्धान तथा कृति प्रकाशन | ६० | १० | - |
| ३ | सेवा अनुभव | १५ | १० | १० |
| ४ | तालिम | - | - | १० |
| ५ | लिखित परीक्षा | - | १०० | १०० |
| ६ | अन्तर्वाता | २० | ३० | ३० |
| | जम्मा पूर्णाङ्क | १५० | २०० | २०० |

### १५.शैक्षिक योग्यताको अङ्क विभाजन :

(१) खुल्ला प्रतियोगिताको लागि प्राध्यापक, सह-प्राध्यापक र उप-प्राध्यापक पदको शैक्षिक योग्यताको अङ्क देहायअनुसार विभाजन गरिएको छ:

| शैक्षिक योग्यता | प्रथम श्रेणी वा सोभन्दा माथि/CGPA | द्वितीय श्रेणी/CGPA | तृतीय श्रेणी/CGPA |
|---|---|---|---|
| स्नातक वा सो सरह | १० | ८ | ६ |
| स्नातकोत्तर वा सो सरह | २० | १५ | १० |
| एम. फिल..(M.Phil) | १० | | |
| पि.एचडी (P.hD) | २५ | | |
| नोटः उप प्राध्यापक पदका लागि पि.एचडी (Ph.D) को कुल अंक २० हुनेछ । | | | |

(२) खुल्ला प्रतियोगिताको प्रयोजनार्थ  प्रशिक्षक, उप-प्रशिक्षक र सहायक प्रशिक्षक पदको शैक्षिक योग्यताको अङ्क देहायअनुसार विभाजन गरिएको छः

| शैक्षिक योग्यता | प्रथम श्रेणी वा सोभन्दा माथि/CGPA | द्वितीय श्रेणी/CGPA | तृतीय श्रेणी/CGPA |
|---|---|---|---|
| प्रविणता वा सो सरह | ७ | ५ | ३ |
| स्नातक वा सो सरह | २५ | २३ | २१ |
| स्नातकोत्तर वा सो सरह | १८ | १६ | १४ |

प्रष्टिकरण : कुनै श्रेणी नखुलेको शैक्षिक योग्यतार वा उपाधि र CGPA लाई उम्मेदवार स्वयमले सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान वा वोर्डबाट प्रतिशत निर्धारण गरेको प्रमाण पेश गर्नु पर्नेछ । अन्यथा द्वितीय श्रेणी सरहको मूल्यांकन गरिनेछ ।

(३) बुँदा (१) र (२) मा उल्लेख भएका अतिरिक्त शैक्षिक योग्यता सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ।

(क) स्नातक पछि स्नातकोत्तर तह उत्तीर्ण नगरी सिधै सम्बन्धित विषयमा विद्यावारिधि गर्नेको हकमा स्नातकोत्तर तहको अङ्क प्रदान नगरी विद्यावारिधि तह सरहको अङ्क प्रदान गरिनेछ । स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यावारिधि गरेको अवस्थामा मात्र स्नातकोत्तर तह र विद्यावारिधिको दुवैको अङ्क प्रदान गरिनेछ ।

(ख) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

(ग) भिन्न विषयको समान तहको एकभन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको  भए तीमध्ये आवेदित पदसँग सम्बन्धित एउटा मात्र शैक्षिक योग्यता वा उपाधिको लागि अङ्क दिइनेछ ।

(घ) विदेशी विश्वविद्यालयबाट प्राप्त गरेका उपाधि (श्रेणी वा ग्रेड समेत खुलेको) पोखरा विश्वविद्यालयले मान्यता दिएको विश्वविद्यालयबाट स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि पनि पेश गर्नुपर्नेछ । अन्यथा आवेदन फारम स्वीकृत गरिने छैन । नेपाल भित्रका सबै विश्वविद्यालयहरूमा अध्ययन गरेकाहरुले पोखरा विश्वविद्यालय सेवा आयोगमा आवेदन दिनका लागि स्तर निर्धारणको प्रमाणित प्रतिलिपि नभए पनि मान्यता दिइनेछ ।

(ङ) उम्मेदवार स्नातकोत्तर पछि एम.फिल.(M.Phil) भएमा एम.फिल.(M.Phil) को पनि अङ्क दिइनेछ । तर उम्मेदवार पि.एचडी.(Ph.D) समेत भए एम.फिल.(M.Phil) को अङ्क नदिई पि.एचडी.(Ph.D) को मात्र अङ्क दिइनेछ ।

(च) विज्ञापन प्रकाशित भएपछि आवेदन फारम भर्ने अन्तिम मितिसम्म पूरा नभएका अथवा आवेदन फारममा उल्लेख नभएका शैक्षिक उपाधिहरूको अङ्क दिईने छैन ।

(छ) उम्मेदवारले हासिल गरेको विद्यावारिधिको उपाधि आवेदित विषयसंग सम्बन्धित भए नभएको प्रमाण पत्रबाट स्पष्ट नभएमा त्यस्ता उपाधिलाई आवेदित विषयसँग सम्बन्धित छ भनी उम्मेदवारले आवेदन गरेको विषयको डीन कार्यालयबाट सिफारिस भई आएमा त्यस्तो उपाधिलाई मात्र विद्यावारिधि वापतको अङ्क प्रदान गरिनेछ ।

**१६. अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजन:**

(१) खुल्ला प्रतियोगिताको प्राध्यापक, सह-प्राध्यापक र उप-प्राध्यापक पदका लागि अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| विवरण | प्राध्यापक | | सह प्राध्यापक | | उप-प्राध्यापक | |
|---|---|---|---|---|---|---|
| | प्रति एकाइको अधिकतम अङ्क | अधिकतम पाउने अङ्क | प्रति एकाइको अधिकतम अङ्क | अधिकतम पाउने अङ्क | प्रति एकाइको अधिकतम अङ्क | अधिकतम पाउने अङ्क |
| १. सम्बन्धित विषयको पाठय पूस्तक | | | | | | |
| २. सम्बन्धित विषयको सन्दर्भ वा अनुसन्धान ग्रन्थ | २ | ४ | २ | ४ | १ | २ |
| ३. विषयगत अनुसन्धनात्मक प्रतिवेदन | २ | १० | २ | १० | २ | ४ |
| ४. पि.एचडी. शोध निर्देशन | २ | ८ | २ | ६ | - | - |
| ५. एम.फिल. वा स्नातकोत्तर तहको शोध निर्देशन | १ | ८ | १ | १० | - | - |
| ६. विषयगत अनुसन्धानात्मक लेख प्रकाशन (अधिकतम अंक ३०) | | | | | | |
| ६.१ SCImago Journal Q1 | ३ | ३० | ३ | ३० | ३ | ९ |
| ६.२ SCImago Journal Q2 | २.५ | २५ | २.५ | २५ | २.५ | ८ |
| ६.३ SCImago Journal Q3 | २ | २० | २ | २० | २ | ७ |
| ६.४ SCImago Journal Q4 | १.७५ | १५ | १.७५ | १५ | १.७५ | ६ |
| ६.२ Refereed/Peer Reviewed Journal | १.५ | १२ | १.५ | १२ | १.५ | ६ |
| ६.३ Other Journal | १ | १२ | १ | १२ | १ | ४ |
| अधिकतम पाउने अङ्क | - | ६० | - | ६० | - | १० |

नोटः प्रति इकाई अधिकतम अङ्क, महलको योग प्राध्यापक र सह-प्राध्यापक पदको ६०, ६० अङ्क, र उप प्राध्यापकको १० भन्दा बढी भए तापनि अनुसन्धान तथा कृति प्रकाशनको अधिकतम अङ्क, ६०, ६० र १० हुनेछ । विषयगत जर्नलमा प्राध्यापक/सह-प्राध्यापक पदको खुल्ला प्रतियोगितामा प्रकाशित लेखको योग ३० भन्दा बढी भए तापनि जर्नलमा प्रकाशित लेखको अधिकतम अंक ३० हुनेछ। माथिल्लो स्तरको जर्नलमा प्रकाशित लेख उक्त समुह अन्तर्गतको मूल्यांकनमा पूर्णाकका लागि आवश्यकभन्दा बढी संख्यामा भएमा बढी भएका जर्नलको सोभन्दा तल्लो स्तरको जर्नल सरह मूल्यांकनगरिनेछ। अनुसन्धान तथा कृति प्रकाशनमा आन्तरिक प्रतियोगिताको महलको योग ३० भन्दा बढी भए तापनि अनुसन्धान तथा कृति प्रकाशनको अधिकतम अंक ३० हुनेछ।

(२) प्रशिक्षक र उप प्रशिक्षकको हकमा प्रतियोगिता हुने पद भन्दा एक तहमुनि स्थायी वा प्रतियोगिता हुने समान पदमा अस्थायी वा करार सेवामा रहदा लिएको तालिमको पूर्णाङ्कमा नवढ्ने गरी दुईवटासम्म तालिमलाई अङ्क दिइनेछ। तालिम सम्बन्धी अंक विभाजन गर्दा नौ महिना सम्म अवधि को तालिमको लागि १० अङ्क , ६ महिना सम्मको लागि ६ अङ्क, ४ महिना सम्मको लागि ४ अङ्क र १ महिना सम्मको लागि २ अङ्क दिईनेछ । तालिम वापतको अङ्क मान्यता प्राप्त विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, सिटिईभिटी, स्टाफ कलेज जस्ता सरकारी निकाय तथा प्रतिष्ठानहरुवाट लिएको तालिमलाई मात्र दिइनेछ।

(३) बुँदा (१) बमोजिम अङ्क प्रदान गर्दा जुन शीर्षकमा पर्न जाने हो, सोही शीर्षक अनुसार कृतिमूल्यांङ्कन समितिले अङ्क प्रदान गर्नेछ । online मा प्रकाशित जर्नल उम्मेदवारले आफ्नो कृतिमा समावेश गरी पेश गरेमा उक्त कृति जुन शीर्षकको कृतिमा पर्छ सोही शीर्षकको लागि छुट्याइएको कृति मानी मूल्याङ्कन गरिनेछ ।

(४) प्राध्यापक/सह-प्राध्यापक पदमा आवेदन दिएका उम्मेदवारको हकमा विज्ञापन प्रकाशित भएको मितिभन्दा अगाडि प्रकाशित भएका प्रति सर्न्दभ ग्रन्थ वा अनुसन्धान ग्रन्थ लागि २ अङ्कका दरले बढीमा ४ अङ्कसम्म र अनुसन्धान प्रतिवेदनको लागि प्रति प्रतिवेदन २ का दरले बढीमा १० अङ्कसम्म प्रदान गर्न सकिनेछ । उप-प्राध्यापक पदमा आवेदन दिएका उम्मेदवारको हकमा प्रति सर्न्दभ ग्रन्थ वा अनुसन्धान ग्रन्थ लागि १ अङ्कका दरले बढीमा २ अङ्कसम्म र अनुसन्धान प्रतिवेदनको लागि प्रति प्रतिवेदन २ का दरले बढीमा ४ अङ्कसम्म प्रदान गर्न सकिनेछ । सबै पदको मूल्यांङ्कनको लागि आयोगले तोकेबमोजिमको मूल्यांङ्कन फारम प्रयोग गरिनेछ ।

(५) बुँदा (१), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा मात्र उम्मेदवारहरुलाई अङ्क प्रदान गरिनेछ ।

(क) ISBN नभएका पुस्तक र ISSN नभएको जर्नलको मूल्याङ्कन गरिने छैन ।

(ख) पी.एचडी.(Ph.D), एम.फिल.(M.Phil) वा स्नातकोत्तर तहको शोधपत्र पुस्तकको रूपमा प्रकाशित गरेवापत कुनै अङ्क दिइने छैन ।

ग) बहुलेखकको नाममा प्रकाशित कृतिको मूल्याङ्कन गर्दा Principal Author र अन्यलाई अधिकतम ५० प्रतिशतका दरले अङ्क प्रदान गरिनेछ ।

(घ) विद्यावारिधि तहको शोध निर्देशन गरी शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको भए प्रति शोध निर्देशनको २ अङ्कको दरले अधिकतम ८ अङ्क प्रदान गरिनेछ । उपरोक्त अङ्क आवेदित पदभन्दा एक तह मुनिको पदमा हुँदा गरेको शोध निर्देशन कार्य वापत मात्र प्रदान गरिनेछ । यसका निमित्त शोधार्थीको नाम शोधको शीर्षक तथा शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्वन्धित निकाय वा संस्थावाट लेखिएको पत्रको सक्कल प्रति नै पेश गर्नु पर्नेछ । शोधार्थीहरुको मुख्य शोध निर्देशक भई शोध निर्देशन गरेको भएमा मात्र विद्यावारिधि शोध निर्देशन वापतको अङ्क प्राप्त गर्न गरिनेछ ।

(ङ) एम .फिल.(M.Phil) वा स्नातकोत्तर तहको शोध निर्देशन गरी शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको १ अङ्कको दरले ८ अङ्क अधिकतम प्रदान गरिनेछ । यसका निमित्त शोधार्थीको नाम, शोधको शीर्षक तथा शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्वन्धित निकाय वा संस्थावाट लेखिएको सक्कल पत्रको प्रति नै पेश गर्नुपर्नेछ ।

(च) आवेदकले आवेदन फारम संगै पेश गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिको सूची पोखरा विश्वविद्यालय सेवा आयोगले आवेदन फारममा कृतिका लागि दिएको ढाँचामा उल्लेख गरिए वमोजिमको एक प्रतिका अतिरिक्त अर्को प्रति सोही ढाँचा अनुरुप प्रिन्ट कपी (Print copy) पनि आवेदक स्वयंले तयार पारी आवेदन फारम साथै पेश गर्नुपर्नेछ ।

(छ) अनुसन्धान केन्द्रमा कार्यरत शिक्षकहरुले अनुसन्धान वापत छुट्याएको अङ्क प्राप्त गर्न आफू कार्यरत अनुसन्धान केन्द्रवाहेक अन्य क्षेत्रबाट गरेको अनुसन्धान प्रतिवेदन मात्र पेश गर्न सक्नेछ ।

(ज) आवेदकले आफ्ना कृतिहरुलाई जुन प्रकार अन्तरगत मूल्याङ्कनका निमित्त पेश गरेको छ सोही प्रकार अन्तरगत रहेर मात्र अङ्क प्रदान गरिनेछ । आवेदकले माग गरेभन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन ।

(झ) आवेदकले प्रत्येक महलमा उल्लेख गरेका कृतिहरुका अतिरिक्त पेश गरेका सवै कृतिहरुको मूल्याङ्कन गरी प्रत्येक महलमा उल्लेखित अधिकतम अङ्क नबढने गरी अङ्क प्रदान गरिनेछ ।

(ञ) पुस्तकमा स्पष्ट रुपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनु पर्नेछ । प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएको पुस्तक मूल्यांङ्कनमा पर्ने छैन । सो आधारमा सम्वन्धित बिषयको पाठ्यपुस्तकलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहायबमोजिम हुनेछ :

क. पाठ्यक्रममा उल्लेखित विषय वस्तुको आवरण पृष्ठ (Cover)
ख. विषयवस्तुको गहिराई
ग. भाषा
घ. तह अनुरुप विषयवस्तुको प्रस्तुतीकरण

च. आवश्यक चार्ट, चित्र, तालिका

छ. सन्दर्भ सामग्री, सूची

नोटः पाठ्यपुस्तक भन्नाले स्नातक तह वा स्नातकोत्तर तहको लागि लेखिएको पुस्तक सम्झनु पर्छ । अनुवाद गरेका पुस्तकहरुलाई र सम्पादन मात्र गरेका पुस्तकहरुलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ट) सम्वन्धित विषयको अनुसन्धान / सन्दर्भ ग्रन्थलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहायबमोजिम हुनेछ :

क. मौलिक खोज वा अनुसन्धानमा आधारित भई अनुसन्धान विधिको प्रयोग भएको

ख. सम्वन्धित विषयलाई योगदान पुग्ने

ग. भाषा र प्रस्तुतीकरण

घ. तह अनुरुप विषयवस्तुको प्रस्तुतीकरण

ङ. आवश्यक चार्ट, चित्र, तालिका

च. सन्दर्भ सामग्री, सूची

(ठ) बिषयगत अनुसन्धान प्रतिवेदनलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहायबमोजिम हुनेछ :

क. विषयसंग सम्वन्धित

ख. उद्देश्य अनुरुप विषय वस्तुको संगठन र प्रस्तुतीकरण

ग. अनुसन्धान विधिको स्पष्टता

घ. विश्लेषण र विवेचनाको गहनता

ङ. निष्कर्ष वा प्राप्तिमा आधारित सुझाव ।

(ड) राष्ट्रिय र अन्तराष्ट्रिय जर्नलमा प्रकाशित

अनुसन्धान लेख तथा विषयगत अनुसन्धानात्मक लेखलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहायबमोजिम हुनेछ :

क. शिर्षक र विषयवस्तुको सम्वन्ध

ख. उद्देश्य अनुरुप विषय वस्तुको प्रस्तुतीकरण

ग. मौलिकता

घ. विश्लेषण

ङ सन्दर्भ सामग्री, सूची

(ढ) अनुसन्धान प्रतिवेदनको साथमा अनुसन्धान गराउने संस्थाले अनुसन्धान पूरा भएको वर्ष तथा उक्त अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भई स्वीकृत भएको भन्ने विवरण सहितको आधिकारिक पत्रको सक्कल प्रति नै अनुसन्धान प्रतिवेदनमा संलग्न हुनुपर्नेछ । यस्तो आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान प्रतिवेदन मूल्याङ्कनको लागि योग्य हुने छैन ।

(ण) अनुसन्धानात्मक र अन्य कृतिहरु (पुस्तक, अनुसन्धान कृति, अनुसन्धान कार्य आदि) को प्रकाशकको सम्पर्क गर्ने ठेगाना समेत उल्लेख भएको हुनुपर्नेछ ।

(त) समाचार पत्रहरुमा छापिएका लेखको मूल्याङ्कन गरिने छैन । साथै सम्पादन कार्य, अनुवाद कार्य, गाईड तथा सङ्कलन कार्य मात्र भएका कृतिहरु तथा एब्स्ट्रयाक्ट (सारसंक्षेप) को मूल्याङ्कन गरिने छैन । जर्नलको एक अङ्क (Issue) बाट एक उम्मेदवारको एउटा लेख मात्र मूल्याङ्कन हुनेछ ।

(थ) उम्मेदवारले आवेदन फारम संगै पेश गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरुको सूची आवेदन फारमका साथै तोकिएको ढाँचामा समेत उल्लेख गरी पेश गर्नुपर्नेछ ।

(द) उम्मेदवारले आफैले वा अरुले प्रकाशन गरेको लेख वा पुस्तकबाट सन्दर्भ उल्लेख नगरी अर्को लेखमा ३० प्रतिशतभन्दा बढी हुने गरी कुनै अंश जस्ताको तस्तै उद्धृत गरेको रहेछ भने त्यस्तो कृति मूल्याङ्कन गरिने छैन ।

(ध) उम्मेदवारले पेश गरेका कृतिका सम्बन्धमा आवेदित पद र विषयसँग सम्बन्धित छैन भनि उजूरी परेमा त्यस्ता कृतिका सम्बन्धमा आवेदित पद र विषयसँग सम्बन्धित छ भनि एकीन गर्नुपरेको अवस्थामा मात्र सेवा आयोगले उम्मेदवारले आवेदन गरेको विषयसंग सम्बन्धित डीन कार्यालय मार्फत सम्बन्धित विषय समितिलाई पत्राचार गरी सो विषय समितिबाट एकीन गरी सेवा आयोगमा सिफारिस भई आएमा मात्र त्यस्तो कृति मूल्यांङ्कन गरिनेछ ।

(न) उम्मेदवारहरूले पेश गरेका कृतिहरू नतिजा प्रकाशन भएको मितिले ४५ दिन देखि ७५ दिन भित्रमा फिर्ता लान सक्नेछन् । उल्लेखित मिति भित्र आफ्नो कृतिहरू फिर्ता नलगेमा सेवा आयोग जवाफदेही हुनेछैन ।

(प) खुल्ला प्रतियोगिताको हकमा अनुसन्धान तथा कृति प्रकाशनको अङ्क आवेदित पदभन्दा एक तह मुनिको पदमा लेखिएको पुस्तक, कृति, अनुसन्धान कार्य आदि वापत मात्र अङ्क प्रदान गरिनेछ । विज्ञापन प्रकाशित भइसकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृति प्रकाशन एवं शोध निर्देशनहरूलाई मूल्याङ्कनमा समावेश गरिने छैन । अनुसन्धान गरिएका संस्थावाट सो स्वीकृत भै सकेको भन्ने व्यहोराको सक्कल पत्र संलग्न गर्नुपर्नेछ ।

(फ) यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा लेखिएको भएतापनि आवेदित पदभन्दा एक तह मुनीको पदमा स्थायी नियुक्ति / बढुवा हुँदा विज्ञापन प्रकाशित भइसकेपछि प्रकाशित पुस्तक, कृति, अनुसन्धान कार्य आदिलाई मूल्याङ्कन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । आवेदित पदभन्दा तल्लो पदमा स्थायी हुँदा प्रकाशित विज्ञापनको मिति उम्मेदवार स्वयम्ले सम्बन्धित निकायबाट खुलाई पेश गर्नु पर्नेछ ।

**१७. कृति मूल्यांङ्कन सम्बन्धी व्यवस्था :**

(१) अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा सेवा आयोगले सम्वन्धित विषयका २ (दुई) जना विशेषज्ञ रहेको कृति मूल्याङ्कन समिति गठन गरिनेछ । समितिले कार्यविधिको १५ (१) मा उल्लेख भएको शीर्षक अनुसार प्रत्येक शीर्षकमा उम्मेदवारले प्राप्त गरेको अङ्क प्रदान गर्नेछ । मूल्याङ्कन गरेपछि विशेषज्ञले आवेदकले प्राप्त गरेको प्राप्ताङ्क सेवा आयोगले दिएको ढाँचामा उल्लेख गरी सिलबन्दी गरी बुझाउनु पर्नेछ । तर कुनै विषयमा सम्बन्धित विषयका २ (दुई) जना विज्ञ उपलव्ध हुन नसकेमा नजिकको विषयको विज्ञद्वारा समेत सेवा आयोगले कृति मूल्याङ्कन गराउन सक्नेछ ।

(२) उम्मेदवारसँग सह-लेखक भई कुनै कृति प्रकाशन गरेको भए त्यस्तो कृतिको सह-लेखक कृतिमूल्यांङ्कनको लागि विशेषज्ञको रुपमा रहन योग्य हुने छैन ।

(३) उम्मेदवारले पेश गरेका पुस्तक तथा अनुसन्धान ग्रन्थको मूल्यांङ्कन गर्न आयोगले तोकेबमोजिमको फारम प्रयोग गरी कार्यविध बमोजिम समितिले मूल्यांङ्कन गर्नेछ ।

(४) आयोगले अन्तरवार्ता हुनु अगाडि नै कृति मूल्यांङ्कन गराई विशेषज्ञबाट प्राप्त अङ्क सिलबन्दी गराई राख्नेछ ।

**१८. सेवा अनुभवको अङ्क विभाजन** :

(१) शिक्षण सेवा अनुभव वापतको अङ्क प्रदान गर्दा मान्यता प्राप्त विश्वविद्यालय वा कलेज (महाविद्यालय) मा सम्बन्धित विषय प्राध्यापनका लागि सेवा अनुभवको अङ्क दिइनेछ । स्वास्थ्य विज्ञानको हकमा भने स्नातक तहको एमविविएस (MBBS/BDS) वा सो सरहको परीक्षा उत्तिर्ण गरी सरकारी वा निजी अस्पतालमा गरेको पूर्णकालिन सेवाका लागि सेवा अनुभवको अङ्क दिइनेछ ।

(२) खुल्ला प्रतियोगितामा सम्मिलित उम्मेदवारहरुलाई सेवा अनुभव वापत देहायबमोजिम अङ्क दिइनेछ :

(क) सह-प्राध्यापक पदमा कार्यरत व्यक्तिले प्राध्यापक पदमा आवेदन दिएमा निजलाई सह-प्राध्यापक पदमा काम गरेवापत प्रतिवर्ष २ अङ्कका दरले अधिकतम १५ अङ्क प्रदान गरिनेछ र उप-प्राध्यापक पदमा काम गरेवापत प्रतिवर्ष १ अङ्कका दरले अधिकतम १० अङ्क प्रदान गरिनेछ । स्वास्थ्य विज्ञानसंग सम्बन्धित विषयको हकमा भने स्नातक (MBBS/BDS) तह पछि प्रथम श्रेणीको पदमा कार्यरत व्यक्तिले प्राध्यापक पदमा आवेदन दिएमा निजलाई प्रथम श्रेणीमा अस्पतालमा वा सम्बन्धित उद्योगमा काम गरे वापत २ अङ्कका दरले अधिकतम १५ अङ्क प्रदान गरिनेछ र दोश्रो श्रेणीमा काम गरे वापत १ अङ्कका दरले अधिकतम १० अङ्क प्रदान गरिनेछ ।

(ख) उप-प्राध्यापक पदमा कार्यरत व्यक्तिले सह-प्राध्यापक पदमा आवेदन दिएमा निजलाई उप-प्राध्यापक पदमा काम गरेवापत प्रतिवर्ष १.५ अङ्कका दरले र स्नातकोत्तर तह उत्तीर्ण गरी कलेज (महाविद्यालय) मा शिक्षण सहायकको पदमा काम गरेको हकमा प्रति वर्ष १ अङ्क को दरले अधिकतम १५ अङ्क प्रदान गरिनेछ । स्वास्थ्य विज्ञानसंग सम्बन्धित MBBS/BDS विषयको हकमा भने दोश्रो श्रेणीमा अस्पतालमा काम गरे वापत १.५ अङ्कका दरले अधिकतम १५ अङ्क प्रदान गरिनेछ ।

(ग) स्नातकोत्तर तह उत्तिर्ण गरी पोखरा विश्वविद्यालयका आंगिक कार्यक्रममा शिक्षक वा अनुसन्धान कार्यमा कार्यरत शिक्षकहरुले उप प्राध्यापक पदमा आवेदन गरेमा निजलाई प्रतिवर्ष २ अंकका दरले अधिकतम १० अंक प्रदान गरिने छ। तर स्नातकोत्तर तह उत्तिर्ण गरी पोखरा विश्वविद्यालयका आंगिक कार्यक्रम बाहेकका अन्य कलेज (महाविद्यालय) मा शिक्षण वा अनुसन्धान कार्यमा कार्यरत शिक्षकले उप-प्राध्यापक पदमा आवेदन गरेमा निजलाई प्रतिवर्ष १ अंकका दरले अधिकतम १० अंक प्रदान गरिनेछ । यसैगरी स्वास्थ्य विज्ञान विषयका हकमा भने स्नातक (MBBS/BDS) तह उत्तीर्ण गरी पोखरा विश्वविद्यालयको आंगिक कार्यक्रमहरुमा शिक्षण वा अनुसन्धान कार्यमा कार्यरत उम्मेदवारले प्रतिवर्ष २ अंकका दरले अधिकतम १० अंक र पो.वि. आंगिक कार्यक्रम वाहेक अन्यत्र कलेजमा शिक्षण वा अनुसन्धान कार्यरत अवधि वा अस्पताल वा सम्बन्धित उद्योगमा अधिकृत तहमा सेवा गरेकोमा प्रतिवर्ष १ अंकका दरले अधिकतम १० अंक प्रदान गरिनेछ।

(घ) प्रशिक्षक, उप-प्रशिक्षक र सहायक प्रशिक्षक पदको खुल्ला प्रतियोगिताको लागि अनुभवको गणना मान्यता प्राप्त सम्बन्धित संस्था र क्षेत्रमा पूर्णकालिन काम गरेवापत प्रति वर्ष २ अङ्क र अन्य क्षेत्रमा सम्वन्धित विषयसंग सम्वन्धित काम गरेवापत प्रत्येक वर्षको लागि १ अङ्कका दरले निर्धारित अङ्कमा नबढने गरी अङ्क दिइनेछ।

(ङ) वुँदा क, ख र ग मा उल्लेख भएका स्वास्थ्य विज्ञानसंग संवन्धित अस्पताल वा उद्योगमा प्रथम तथा द्वितीय श्रेणी र अधिकृत तहमा काम गरेको भनी श्रेणी तथा तह सम्बन्धित निकायबाट खुलाइएको कागजात उम्मेदवार स्वायम्ले पेश गर्नु पर्नेछ।

(३) खुल्ला प्रतियोगितामा सम्मिलित उम्मेदवारहरुलाई अङ्क दिने प्रयोजनको लागि मात्र देहायबमोजिम सेवा अनुभवको गणना गरी अङ्क दिइनेछ :

(क) न्यूनतम शैक्षिक योग्यता प्राप्त गरिसकेपछि गरेको शिक्षण वा अनुसन्धान अनुभवलाई मात्र गणना गरिनेछ। तर, स्वास्थ्य विज्ञानसंग सम्बन्धित विषयमा भने स्नातक (MBBS/BDS) तह उत्तीर्ण गरी गरेको सेवालाई समेत अङ्क दिने प्रयोजनका लागि मात्र गणना गरिनेछ।

(ख) सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिना भन्दा घटी अवधिको (दिनको) लागि अङ्क दिइने छैन । नोकरी अवधिको गणना गर्दा अटुट रूपमा गरेको अवधिलाई जोडिने छ । यसरी जोड्दा उम्मेदवार आफू बहाल रहेको पद र सोभन्दा तल्लो पदमा काम गरेको अवधि जोडी एक वर्ष अवधि पुगेमा जुन पदमा बढी महिना काम गरेको देखिन्छ सो पदको अङ्क दिइनेछ।

(ग) नोकरी वर्ष गणना गर्दा मान्यता प्राप्त विश्वविद्यालय वा कलेज (महाविद्यालय) वा शिक्षण संस्थाहरुमा रही सम्बन्धित विषय वा क्षेत्रमा अटुट् रूपमा गरेको स्थायी, अस्थायी वा करार सेवा अवधि गणना गरिनेछ।

(घ) सह-प्राध्यापक र प्राध्यापक पदका लागि अनुभव गणना गर्दा न्यूनतम योग्यता प्राप्त गरिसकेपछि गरेको शिक्षण अनुभवलाई मात्र अङ्क दिइनेछ। तर, स्वास्थ्य विज्ञान विषयमा भने स्नातक (MBBS) तह उत्तीर्ण गरी गरेको सेवालाई समेत गणना गरिने छ।

(ङ) सेवा अवधि गणना गर्दा विज्ञापनको दरखास्त दिने अन्तिम मितिको अघिल्लो दिनसम्मको सेवा अवधिलाई अङ्क दिने प्रयोजनको लागि गणना गरिनेछ।

(४) प्रशिक्षक, उप-प्रशिक्षक र सहायक प्रशिक्षक पदमा रही काम गर्दा सम्बन्धित विषय र क्षेत्रमा तालीम लिएको भए नौ महिना सम्म अवधिको तालिमको लागि १० अङ्क , ६ महिना सम्मको लागि ६ अङ्क, ४ महिना सम्मको लागि ४ अङ्क र १ महिना सम्मको लागि २ अङ्क दिईनेछ।

## परिच्छेद - ७
## लिखित परीक्षा र नतिजा प्रकाशन

**१९. लिखित परीक्षा** :

(१) खुला प्रतियोगिताका माध्यमद्वारा उप-प्राध्यापक, प्रशिक्षक, उप-प्रशिक्षक र सहायक प्रशिक्षक पदमा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवारले लिखित परीक्षा दिनुपर्नेछ। लिखित परीक्षा आयोगले तोकेको मिति, स्थान र समयमा हुनेछ।

(२) विज्ञहरूसँग परामर्श लिई, विज्ञहरू सहितको समिति वनाई वा कार्य मूल्याङ्कन गरी लिखित परीक्षाको पाठ्यक्रम सेवा आयोगले तयार गर्नेछ । सेवा आयोगले लिखित परीक्षाको पाठ्यक्रम समय समयमा परिवर्तन गर्न सक्नेछ ।

(३) लिखित परीक्षाको पत्र संख्या र समयावधि सेवा आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) खुल्ला र समावेशी तर्फको लिखित परीक्षाको उत्तीर्णाङ्क प्रति पेपर ५० प्रतिशत हुनेछ ।

(५) खुल्ला र समावेशी तर्फको लिखित परीक्षा एकै समयमा एउटै प्रश्नपत्रद्वारा लिइनेछ । परीक्षाको नतिजा योग्यताक्रमको आधारमा प्रकाशित गरिनेछ ।

(६) लिखित परीक्षाको उत्तरपुस्तिकामा पहिलो र दोस्रो कोड नम्बर अलग अलग व्यक्तिबाट राखी विषयगत विज्ञद्वारा परीक्षण गराईनेछ । कुनै विषयमा विषयगत विज्ञ उपलब्ध हुन नसकेमा आयोगले निर्णय गरेर नजिकको विषयका विज्ञद्वारा समेत  उत्तरपुस्तिका परीक्षण गराउन सक्नेछ । आयोगको निर्णय गरेर एकभन्दा बढी विज्ञवाट पनि उत्तरपुस्तिका परीक्षण गराएमा एकभन्दा बढी विज्ञबाट परीक्षण भएका विषयका उत्तरपुस्तिकामा विज्ञले दिएको अलग अलग अङ्कलाई जोडी औषत निकालेर लिखित परीक्षाको योग्यता क्रमसूची तयार पारिनेछ ।

(७) लिखित परीक्षाको पूर्णाङ्कलाई कार्यविधिको १३ (१) को ५ मा उल्लेखित अङ्कलाई आधार मानेर सो बमोजिम परिणत गरी सोही अनुपातमा शिक्षकलाई लिखित परीक्षा वापत पाउने अङ्क प्रदान गरिने छ ।

(८) उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको कुल अङ्कको आधारमा अन्तर्वार्ताका लागि योग्यताक्रम सूची निर्धारण गरिनेछ । अन्तरवार्ताका लागि लिखित परीक्षाको योग्यताक्रम सूची प्रकाशन गर्दा एकभन्दा बढी उम्मेदवारको समान अङ्क भएमा समान अङ्क हुने सबैलाई अन्तरवार्ताका लागि छनौट गरिनेछ ।

(९) नतिजा प्रकाशन गर्दा समान श्रेणीको अथवा सोभन्दा माथिल्लो श्रेणी वा पदमा पहिले नै सिफारिस भई सकेको भए लिखित परीक्षावाट अन्तरवार्ता सूची प्रकाशित गर्दा त्यस्ता उम्मेदवारको नाम हटाइने छ । तल्लो श्रेणीको पदमा सिफारिस भएको भए माथिल्लो श्रेणी वा पदमा प्रतिस्पर्धा गर्न रोक लगाइने छैन ।

(१०) समानस्तरका विभिन्न पदका लागि एउटै समयमा भएको भिन्दाभिन्दै विज्ञापन वा एउटै विज्ञापन अन्तर्गतकै विभिन्न पदको परीक्षाको नतिजा प्रकाशित गर्दा पहिलेको नतिजामा नामावली परेका मध्ये जतिजना उम्मेदवारको नाम परेको छ, त्यसपछि प्रकाशित हुने अर्को पदको नतिजामा पनि ती उम्मेदवारको नाम समावेश छ भने त्यतिकै संख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी पछिल्लो नतिजा प्रकाशित गरिनेछ ।

(११) लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारहरुको सूची योग्यताक्रमको आधारमा अन्तर्वार्ताका लागि प्रकाशित गर्दा देहाय बमोजिम हुनेछ ।

क) एक जना चाहिएमा ३ (तीन) जनासम्म

(ख) दुई जना चाहिएमा ५ (पाँच) जनासम्म

(ग) तीन जना चाहिएमा ७ (सात) जनासम्म

(घ) चार वा सोभन्दा बढी चाहिएमा सो संख्याको दोब्वरसम्म

(१२) अन्तिम नतिजा प्रकाशन गर्दा सबैभन्दा पहिला खुल्लातर्फको सिफारिस हुने उम्मेदवारको नामावली प्राथमिकतामा राखी नतिजा प्रकाशित गरिनेछ । त्यसपछि समावेशीमा सिफारिस हुने उम्मेदवारको नामावली प्रकाशित गरिनेछ । समावेशी अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रका उम्मेदवारहरुको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधेशी, आदिवाशी /जनजाति र महीला वर्ग समूहका उम्मेदवाहरुको नामावली प्रकाशित गरिनेछ ।

**२०. पुनर्योग :**

(१) आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै वा सबै पत्रको पुनर्योग गरी पाऊँ भनी तोकिएको दस्तुर तिरी पुनर्योग गर्नुपर्ने पत्र उल्लेख गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिनभित्र आयोगको कार्यालयमा निवेदन दिनसक्नेछ ।

(२) बुँदा (१) बमोजिम निवेदन पर्न आएमा आयोगको बैठकमा पेश गरी लिखित परीक्षाको प्राप्ताङ्कको पुनर्योग गरी निवेदकलाई सोको नतिजा जानकारी गराउनु पर्नेछ ।

(३) बुँदा (२) बमोजिम पुनर्योग गर्दा निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्न पर्ने देखिएमा पहिले प्रकाशित योग्यताक्रम सूचीलाई यथावत राखी पुनर्योगबाट योग्यताक्रम सूचीमा पर्न आएको उम्मेदवारलाई समेत समावेश गरी योग्यताक्रम सूची प्रकाशित गरिनेछ ।

## परिच्छेद ८

## कार्य सम्पादनको मूल्याङ्कन

**२१. कार्य सम्पादन मूल्याङ्कनसम्बन्धी व्यवस्था :**

१) विश्वविद्यालय सेवामा कार्यरत शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन तोकिएको ढाँचा अनुसारको फारममा उल्लेख भए अनुसार अंकका आधारमा गरिनेछ ।

२) शिक्षकको कार्य सम्पादन मूल्याङ्कन फारम हरेक वर्षको असारको तेस्रो हप्ता भित्र भरी कार्यरत निकाय वा संगठन प्रमुख समक्ष पेश गर्नु पर्नेछ र निकाय वा संगठन प्रमुखले विश्वविद्यालयको तोकिएको अधिकारी डीन वा उपकुलपति समक्ष पेश गर्नु पर्नेछ ।

३) आन्तरिक प्रतियोगिता मूल्यांकनको आधारमा बढुवा प्रयोजनार्थ मूल्यांकनको अंक विश्वविद्यालय सेवा आयोगमा पठाउदा पछिल्लो ५ वर्षको प्रत्येक वर्षको छुट्टा छुट्टै मूल्यांकन भएको शिलबन्दी गरिएको मूल्यांकन फारम पठाउनु पर्नेछ ।

४) अध्ययन वा तालिम वा अध्ययन काजमा गएको अवधिको कार्य सम्पादन मूल्याङ्कन फारम वापतको अंक त्यस्तो अध्ययन तालिम वा अध्ययन काजमा जान भन्दा अघिको अवधिको कार्य सम्पादनको आधारमा मूल्याङ्कन गरिनेछ ।

५) शिक्षकको कार्य सम्पादन मूल्याङ्कन फारमको ढाँचा कार्यविधिको बुँदा २४ मा उल्लेख भएबमोजिमको हुनेछ ।

६) विश्वविद्यालय सेवाका विभिन्न तह र श्रेणीका पदमा आन्तरिक प्रतियोगिताको लागि आवेदन दिने शिक्षकहरुको मूल्यांकन फारम आवेदन दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र सम्बन्धित निकायले अनिवार्य रुपमा सेवा आयोगको कार्यालयमा पठाउनु पर्नेछ ।

**२२. कार्यसम्पादनको मूल्याङ्कन गराउने** :

(१) कार्यसम्पादन मूल्याङ्कन गर्न स्कुल/विभागमा कार्यरत शिक्षण कार्यमा संलग्न शिक्षकहरूको लागि अनुसूची ५ मा तोकिएको ढाँचामा, अनुसन्धान केन्द्र लगायतका निकायमा अनुसन्धान कार्यमा संलग्न शिक्षकहरूको लागि अनुसूची ६ मा तोकिएको ढाँचामा र पदाधिकारीको पदमा कार्यरत शिक्षकहरूको लागि अनुसूची ७ मा तोकिएको ढाँचा बमोजिमको कार्य सम्पादन फारम प्रयोग गर्नुपर्ने छ ।

(२) बुँदा (१) बमोजिमको कार्यसम्पादन मूल्यांङ्कन फारामको ढाँचा कार्यकारी परिषद्ले तोके बमोजिमको प्रयोग गरिनेछ ।

**२३. मूल्यांकनकर्ता अधिकारी :**

(१) स्कूलमा कार्यरत शिक्षकको कार्यसम्पादन मूल्यांङ्कन स्कुलको निर्देशकको राय लिई संबन्धित संकायका डीनले, अनुसन्धान केन्द्रहरूको हकमा कार्यकारी निर्देशकले, विश्वविद्यालयका डीन कार्यालयमा कार्यरत शिक्षकको हकमा सम्बन्धित डीनले र अन्य निकायहरुमा कार्यरत शिक्षकहरूको हकमा सम्बन्धित निकाय प्रमुखले गर्नेछ । स्कुलको निर्देशकको मूल्यांङ्कन सम्बन्धित डीनले गर्नेछ । तर कुनै शिक्षक विश्वविद्यालय बाहिर काजमा रहेको भए काजमा रहेको कार्यालयको सम्बन्धित प्रमुखको लिखित राय लिई सम्बन्धित डीनबाट कार्यसम्पादन मूल्यांङ्कन गरिनेछ । कुनै प्रतियोगितामा स्कुलको निर्देशक र डीन आफैं उम्मेदवार भएको खण्डमा सो विषय र पदका सबै शिक्षकहरूको कार्यसम्पादन मूल्यांङ्कन उप-कुलपतिबाट हुनेछ । रजिष्ट्रार र डीनको कार्यसम्पादन मूल्यांङ्कनकर्ता उप-कुलपति हुनेछ ।

(२) बुँदा (१) बमोजिम भरी आएको कार्यसम्पादन मूल्यांङ्कनको पुनरावलोकन उप-कुलपतिबाट हुनेछ ।

## परिच्छेद ९
## अन्तर्वार्ता सम्बन्धी व्यवस्था

**२४. अन्तर्वार्ता** :

(१) सेवा आयोगको विज्ञापन बमोजिम सबै पदको लागि अन्तर्वार्ता अनिवार्य हुनेछ ।

(२) अन्तर्वार्ता सम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा कम्तीमा १५ (पन्ध्र) दिन अगाडि राष्ट्रियस्तरको पत्र पत्रिका र विश्वविद्यालयको वेभसाइटमामा प्रकाशित गर्नुपर्नेछ ।

(३) अन्तर्वार्तामा आयोगका अध्यक्ष, सदस्य र कम्तीमा २ (दुई) जना विज्ञहरू नभई अन्तर्वार्ता गरिने छैन ।

(४) अन्तर्वार्ताका लागि निर्धारित पूर्णाङ्कमा आयोगको अध्यक्ष र सदस्यहरुको लागि ३० प्रतिशत र विज्ञहरुको लागि ७० प्रतिशत अङ्क गरी विभाजन गरिनेछ ।

(५) अन्तर्वार्ताका लागि निर्धारित अङ्कको ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने उम्मेदवार सिफारिस योग्य हुने छैन ।

(६) अन्तर्वार्ता मिति, समय र स्थान सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(७) सेवा आयोगको रोष्टरमा रहेका विज्ञहरूमध्येबाट सेवा आयोगले विज्ञ तोक्नेछ । अन्तर्वार्ताका लागि विज्ञ तोक्दा पाइएसम्म सम्बन्धित विषयका वरिष्ठतम व्यक्तिहरुलाई छनौट गरी तोक्नेछ ।

(८) सम्बन्धित विषयका विज्ञ नपाएमा आयोगले सो विषयको नजिकका अन्य विषयका शिक्षकलाई समेत विज्ञका रूपमा आमन्त्रण गर्न सक्नेछ ।

(९) सेवा आयोगका अध्यक्ष र सदस्यहरूले दिएको अङ्क तथा विज्ञहरूले दिएको अङ्क अलग अलग जोडी हुन आउने औसत अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ ।

(१०) सेवा आयोगका अध्यक्ष, सदस्यहरू वा विज्ञले उम्मेदवारलाई अन्तर्वाताका लागि निर्धारित अङ्कको ५० प्रतिशत भन्दा कम वा ८० प्रतिशत भन्दा बढी अङ्क प्रदान गर्नु परेमा कारण जनाउनु पर्नेछ । यसरी कारण नखुलाई अधिकतम भन्दा बढी वा न्यूनतमभन्दा घटी अङ्क दिएमा बढीमा ८० प्रतिशत र घटीमा ५० प्रतिशत अङ्क दिएको मानी गणना गरिनेछ । साथै कारण खोलेर पूर्णाङ्कको ८० प्रतिशतभन्दा बढी र ५० प्रतिशत भन्दा घटी अङ्क दिएको अवस्थामा पनि आयोगका अध्यक्ष, सदस्यहरु तथा विषय विज्ञहरु समेत गरी अन्तरर्वार्ता समितिका विज्ञ सहितका ३ जना सदस्यहरुले कारण खुलाई अङ्क दिएको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा वढीमा ८० प्रतिशत र घटीमा ५० प्रतिशत नै मानी अङ्क दिइनेछ ।

(११)अन्तर्वार्तामा बस्ने अध्यक्ष, सदस्य तथा विज्ञहरुको उम्मेदवारहरू पति-पत्नी, नति-नातिना, दिदि-वहिनी, काका-काकी, मामा-माइज्यू, फूपु-फूपाज्यू, दाजु-भाई, भाउजू-बुहारी, देवर-जेठाजु, भिनाजू-ज्वाई, साला-साली, छोरा-छोरी, भतिजा-भतिजी, भान्जा-भान्जी, मामाका छोरा-छोरी तथा फूपुका छोरा-छोरी मध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता पर्ने व्यक्ति वा पदधिकारी सो पदको कुनै पनि दिनको अन्तर्वार्तामा विज्ञको रुपमा नियुक्त हुन सक्ने छैन् ।

(१२) अन्तर्वार्तामा बस्ने विज्ञहरु र कृति मूल्याङ्कनमा बस्ने विज्ञहरु सम्भव भएसम्म फरक फरक हुनुपर्नेछ । विज्ञ नपाई कृतिमूल्याङ्कनमा बसेका व्यक्तिलाई नै अन्तर्वार्तामा ल्याउनु परेमा आयोगले निर्णय गरी कार्यमा लगाउन सक्नेछ ।

**२५. अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने व्यव्स्था :**

(१) लिखित परीक्षाको प्रकाशित नतिजामा समावेश भएका कुनै उम्मेदवारले मनासिव कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मितिभन्दा अगाडि नै अन्तर्वार्ता लिईदिन सोको कारण उल्लेख गरी निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव देखिएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै उम्मेदवारले देहायको अवस्था परी निजको अन्तर्वार्ता सुरु हुनुभन्दा अघि अन्तर्वार्ताका लागि आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले क्रिया बस्नु परेको हकमा १५ दिन र अन्य अवस्थाको हकमा ७ दिनभित्र निवेदन दिएकोमा आयोगले निवेदनको व्यहोरा मनासिव देखेमा छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

(क) क्रिया बस्नु परेमा,

(ख) विश्वविद्यालयको कामको कारणले उपस्थित हुन नसकेमा,

(ग) काबु वाहिरको परिस्थिति परेमा,

(घ) सुत्केरी भएमा,
(ङ) अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकस्मिक बिरामी भएमा ।

**२६. अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था :**

(१) अन्तर्वार्ता हुने दिन आयोगले खटाएको कर्मचारीले उम्मेदवारबाट पेश भएको प्रमाणित कागजातको सक्कल प्रतिसँग भिडाउने र प्रवेशपत्र जाँच गरी हाजिर समेत गराउन पर्नेछ ।

(२) विश्वविद्यालय सेवामा प्रवेश पाउने उद्देश्यले शैक्षिक योग्यता, कृति, उमेर, नागरिकता, अनुभव आदि ढाँटेको देखिएमा त्यस्तो उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको आवेदन फाराम रद्द गरिनेछ ।

(३) अन्तरवार्ता सम्बन्धी थप प्रक्रिया आयोगले पोखरा विश्वविद्यालय सेवा आयोगको नियमावली, कार्यविधिसंग नबाझिने गरी निर्णय गरेर निर्धारण गर्नसक्नेछ ।

## परिच्छेद - १०
## सिफारिस सम्बन्धी व्यवस्था

**२७. योग्यताक्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्थाः**

(१). उम्मेदवारहरूले प्राप्त गरेको कूल अङ्क (total marks obtained) तालिकीकरण (tabulation) गरी उम्मेदवारको रोल नंम्वर, नाम, थर, ठेगाना, बाबुको नाम आदि उल्लेख गरी योग्यताक्रम सूची तयार गरिनेछ र तोकिएका दरबन्दीको आधारमा नतिजा प्रकाशन गरिनेछ । सफल भएका प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल अङ्क प्रकाशित गरिनेछ ।

(२) बुँदा (१) बमोजिम खुल्ला प्रतियोगिताको नतिजा प्रकाशन गर्दा उम्मेदवारहरुको कूल प्राप्ताङ्क बराबर हुन गएमा देहायको आधारमा योग्यताक्रम सूची तयार पारिनेछ ।

(क) लिखित परीक्षा हुने पदमा लिखित परीक्षामा प्राप्त गरेको अङ्कको आधारमा ।

(ख) लिखित परीक्षामा पनि बराबर भएमा वा लिखित परीक्षा नहुने भएमा अनुसन्धान तथा कृति प्रकाशनको बढी अङ्कको आधारमा, सो पनि बराबर भएमा अन्तर्वार्तामा विज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा, सोबाट पनि बराबर भएमा शैक्षिक योग्यता वापत प्राप्त गरेको अङ्कको आधारमा र सोबाट पनि बराबर भएमा उमेरले ज्येष्ठताको आधारमा गरिनेछ ।

(३) आन्तरिक प्रतियोगितामा उम्मेदवारहरुको कूल प्राप्ताङ्क बराबर हुन गएमा आवेदित पदभन्दा एक तह मुनिको पदमा स्थायी भएको वा पदोन्नति भएको ज्येष्ठताको आधारमा र अनुसन्धान तथा कृति प्रकाशनको बढी अङ्कको आधारमा, सो पनि बराबर भएमा शैक्षिक योग्यता वापत प्राप्त गरेको अङ्कको आधारमा, सोबाट पनि बराबर भएमा अन्तर्वार्तामा विज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा र सोबाट पनि बराबर भएर वरिष्ठता नछुटिएमा उमेरले ज्येष्ठताको आधारमा गरिनेछ ।

(४) अन्तिम नतिजा प्रकाशन गर्दा सबैभन्दा पहिला खुल्लातर्फको सिफारिस हुने उम्मेदवारको नामावली प्राथमिकतामा राखी प्रकाशित गरिनेछ । त्यसपछि समावेशी सिफारिस हुने उम्मेदवारको नामावली प्रकाशित गरिनेछ । समावेशी अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रका उम्मेदवारहरुको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः पिछडिएको क्षेत्र, अपाङ्ग, दलित, मधेशी, आदिवाशी ⁄जनजाति र महिला वर्ग समूहका उम्मेदवाहरुको नतिजा प्रकाशित गरिनेछ । खुल्ला समूहबाट वा कुनै एक वर्ग⁄क्षेत्रमा नाम सिफारिस भए पछि अरू वर्ग⁄समूहबाट निजको नाम स्वतः हटाइनेछ ।

(५) समावेशी तर्फको कुनै समूहको उत्तीर्ण आवेदक महिला नभएमा सोही समूहको उत्तीर्ण आवेदकलाई छनौट गरिनेछ । सम्बन्धित समूहको उत्तीर्ण आवेदक नभएमा समावेशी समूहमध्ये निकटत्तम उपल्लो समूहको उच्चत्तम अङ्क प्राप्त गर्ने उम्मेदवार छनौट गरिनेछ । तर समावेशी तर्फको छुट्याइएको पदमा

लिखित वा अन्तर्वार्तावाट उपयुक्त उम्मेदवार सिफारिस हुन नसकेमा त्यस्तो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।

(६) प्राध्यापक र सह-प्राध्यापक पदको आन्तरिक र खुल्ला प्रतियोगितामा आवेदन दिएका उम्मेदवारहरुको लागि प्राध्यापक र सह-प्राध्यापकको हकमा निर्धारित पूर्णाङ्कको क्रमशः ७० प्रतिशत र ६० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने उम्मेदवार सिफारिसको लागि योग्य हुने छैन । उप-प्राध्यापक, प्रशिक्षक, उप-प्रशिक्षक र सहायक प्रशिक्षक पदमा ५५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने उम्मेदवार सिफारिसको लागि योग्य हुने छैन । तर मेडिकल साइन्स तर्फका एम.वि.वि.एस (MBBS/BDS) पछि एम.डी (MD/MDS) वा सो सरह योग्यता हासिल गरेकाको लागि मात्र आन्तरिक र खुल्ला प्रतियोगितामा प्राध्यापक र सह-प्राध्यापक पदमा निर्धारित पूर्णाङ्कको क्रमशः न्यूनतम ६५ प्रतिशत र ५५ प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने व्यवस्था कायम गरिएकोले सोभन्दा कम अङ्क प्राप्त गर्ने उम्मेदवार सिफारिसको लागि योग्य हुने छैन ।

(७) आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिको लागि आयोगबाट गरिएको सिफारिस उपर चित्त नबुझेमा आयोगद्वारा सिफारिस गरेको मितिले ७ दिनभित्र पोखरा विश्वविद्यालय कार्यकारी परिषद् समक्ष उजुरी गर्न सकिनेछ । उजुरी प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट ७ दिनसम्म आन्तरिक प्रतियोगिताबाट सिफारिस पाउने उम्मेदवारलाई नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ । उम्मेदवारले आफूले प्राप्त गरेको अङ्क सन्तोषजनक नलागे उम्मेदवारले सेवा आयोग समक्ष पुनर्योगको माग गर्न सक्नेछ । यस्तो माग गर्ने व्यक्तिले निर्धारित दस्तुर तिरी निवेदन दिनु पर्नेछ । उपर्युक्त सिफारिस उपर उजुरी नपरेमा पोखरा विश्वविद्यालय शिक्षक कर्मचारीसम्बन्धी नियमावली २०५५ को नियम ७ (३) बमोजिम ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनुपर्नेछ ।

(८) आयोगबाट आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिको लागि सिफारिस हुने उम्मेदवार बुँदा ७ बमोजिम उजुरी गर्न सकिने म्यादसम्म विश्वविद्यालय सेवाबाट नियम अनुसार अनिवार्य अवकाश हुने रहेछ भने आयोगले त्यस्तो उम्मेदवारको नाम  सिफारिस सूचीबाट हटाउनेछ ।

(९) आयोगबाट आन्तरिक प्रतियोगिताको आधारमा योग्यताक्रमको सूचीमा परेको कुनै उम्मेदवार विश्वविद्यालय शिक्षक तथा कर्मचारीसम्बन्धी नियमावली २०५५ को नियम ५१ (१) बमोजिम नियुक्ति पाउने दिनभित्र उमेर हदको कारणले अवकाश पाउने भई नियुक्ति पाउन नसक्ने भएमा, राजिनामा दिएमा, सेवाबाट हटाइएमा उक्त उम्मेदवारको नाम हटाई योग्यताक्रम सूची प्रकाशित गरिनेछ । आन्तरिक प्रतियोगिताको आधारमा हुने प्रतियोगिताको योग्यताक्रम सूची प्रकाशित गर्दा ग्रेड रोक्का वा बढुवा रोक्का भएका उम्मेदवारको मात्र योग्यताक्रम सूची ग्रेड रोक्का वा बढुवा रोक्का फुकुवा नभएसम्मको अवधिका लागि स्थगितमा राखिने छ । तर सोही विज्ञापन अनुसार सिफारिस भई योग्यताक्रम सूची पर्न सफल भएका अन्य उम्मेदवारहरूको योग्यताक्रम सूची प्रकाशित नियुक्तिका लागि सिफारिस गर्न यस कार्यविधिले बाधा पुऱ्याउने छैन ।

**२८. परीक्षाको मर्यादा कायम गर्ने :**

प्रतियोगितामा सम्मिलित उम्मेदवारले झुट्टा विवरण दिएमा वा लिखित परीक्षामा कुनै किसिमको अनियमितता वा अन्तर्वार्तामा प्रभावित पार्ने गरी कुनै अनियमित कार्य वा मर्यादा भंङ्ग गरेमा आयोगले त्यस्तो उम्मेदवारलाई निजको कसुर हेरी आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

**२९.सिफारिस बदर हुने अवस्था** :

(१) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुट्टा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ ।

(२) कुनै उम्मेदवारले अङ्क प्राप्त गर्ने प्रयोजनको लागि पुस्तक वा लेख भित्रको कुनै अंश कसैको पूर्व प्रकाशित कुनै पुस्तक वा लेख वा अन्य कुनै पाठ्य सामाग्रीसँग हुबहू मिल्न गएमा र त्यस्तो पुस्तक वा लेखको सन्दर्भ खुलाइएको रहेनछ भने त्यस्तो उम्मेदवारको सिफारिस बुँदा (१) बमोजिम रद्द हुनेछ । तर कुनै उम्मेदवारले आफ्नै पुस्तक वा लेखको अंश उद्धृत गरेमा वा दुई अनुच्छेदभन्दा कम अंश मात्रै हुबहू मिलेमा सिफारिस रद्द हुने छैन ।

(३) बुँदा (२) बमोजिमको अवस्थामा यदि कुनै उम्मेदवारले सिफारिस भई नियुक्ति बुझिसकेको अवस्था रहेको रहेछ भने पनि त्यस्तो नियुक्ति रद्द हुनेछ ।

(४) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भूलचूक भई पहिले सिफारिस वा नियुक्ति समेत भइसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

(५) आन्तरिक प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदरवाले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजिनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदरवाको आवेदन फारम तथा सिफारिस भई सकेको भए सो सिफारिस समेत स्वत: रद्द हुनेछ ।

(६) आयोगले लिएको परीक्षामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षण वा अन्तर्वार्ता सम्बन्धी काममा संलग्न भएको विज्ञ शिक्षकको नजिकको नातेदार त्यस्तो परीक्षामा उम्मेदवार भई सो परीक्षामा सफल भएको प्रमाणित भएमा निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्ति रद्द हुनेछ । नियुक्ति पाईसकेको भए सो नियुक्ति पत्र समेत सेवा आयोगको परामर्श लिई कार्यकारी परिषद्ले रद्द गर्नेछ ।

**३०. वैकल्पिक उम्मेदवारको व्यवस्था :**

(१) सेवा प्रवेश विन्दुको अन्तिम नतिजा प्रकाशन गर्दा उपयुक्त वैकल्पिक उम्मेदवारको नाम समेत प्रकाशित गरिनेछ । वैकल्पिक उम्मेदवारको संख्या पोखरा विश्वविद्यालय सेवा आयोगको निर्णय गरेर तोकेबमोजिम हुनेछ । प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुट्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस रद्द हुनेछ ।

(२) वैकल्पिक सूचीबाट देहायको अवस्थामा नियुक्तिका लागि योग्यताक्रम अनुसार सिफारिस गरिनेछ :

(क) सिफारिस गरिएको उम्मेदवार पोखरा विश्वविद्यालय शिक्षक तथा कर्मचारीसम्बन्धी नियमावली २०५५ को नियम ७ (३) मा व्यवस्था भएबमोजिमको समयमा नै नियुक्ति पत्र बुझि सम्बन्धित कार्यालयमा हाजिर नभएमा वा सो नियममा व्यवस्था गरिएको  समय भित्र नियुक्ति पत्र नै नबुझेमा वा नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारले केन्द्रीय कार्यालयमा आफै उपस्थित भई नियुक्ति नलिने व्यहोराको निवेदन पेश गरी सनाखत गरेमा नियमावलीमा तोकिएबमोजिमको समयाबधि ननाघे पनि वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्न सकिनेछ ।

(ख) नियुक्तिका लागि सिफारिस गरिएको उम्मेदवारको सिफारिस भएको मितिले एक वर्षभित्र मृत्यु भई वा निजले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको अन्य पदमा नियुक्ति भई निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा वैकल्पिक उम्मेदवालाई नियुक्तिको लागि सिफारिस गर्न सकिनेछ ।

(३) वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नुपर्दा जुन समूह वा वर्गमा रिक्त हुन आएको पद हो सो वर्ग वा समूहको पदमा वैकल्पिकको लागि सूची प्रकाशित गरेको भएमात्र सो समूह वा बर्गको वैकल्पिक उम्मेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिनेछ ।

## परिच्छेद - ११
## नियुक्तिको व्यवस्था

**३१. नियुक्तिको व्यवस्था :**

सेवा आयोगबाट सिफारिस भएका शिक्षकहरुलाई विश्वविद्यालय सेवामा कार्यकारी परिषद्द्वारा नियुक्ति दिइनेछ । तर यसरी नियुक्ति गर्दा विज्ञापन अनुसार एकै पदमा एकभन्दा बढी उम्मेदवारहरु सिफारिस भएमा सेवा आयोगले निकालेको योग्यताक्रम अनुसार  माथिल्ला योग्यताक्रममा परेका उम्मेदवारलाई कार्यालय वा निकाय रोज्न दिई पदस्थापना गरिनेछ ।

**३२. नियुक्ति गर्ने प्रक्रिया :**

आयोगबाट खुल्ला वा आन्तरिक प्रतियोगिताद्वारा सिफारिस भएका उम्मेदवारहरुले पोखरा विश्वविद्यालय शिक्षक तथा कर्मचारीसम्बन्धी नियमावली २०५५ को नियम ७ (३) मा व्यवस्था भएबमोजिमको समयमा नै नियुक्ति पत्र बुझी सम्बन्धित कार्यालयमा हाजिर भई सक्नुपर्नेछ । सो म्यादभित्र नियुक्ति पत्र बुझन

नआएमा सो सिफारिसमा परेको वैकल्पिक उम्मेदवारलाई योग्यताक्रमानुसार नियुक्ति गर्न सकिनेछ । यसरी गरिएका नियुक्तिका सूचना आयोगमा पठाउनु पर्नेछ ।

**३३. ज्येष्ठता कायम हुने :**

(१) आयोगबाट आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिको लागि नामावली सिफारिस भएपछि उजुरीको प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट ७ दिनसम्म सिफारिस पाउने उम्मेदवारलाई नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिनेछ । सिफारिस उपर उजुरी नपरेमा पोखरा विश्वविद्यालय शिक्षक तथा कर्मचारीसम्बन्धी नियमावली २०५५ को नियम ७ (३) मा व्यवस्था भएबमोजिमको नियुक्ति हुने श्रेणीको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनुपर्नेछ ।

(२) आन्तरिक प्रतियोगिताद्वारा गरिएको सिफारिस उपर उजुरी परेमा देहायअनुसार ज्येष्ठता कायम गरी नियुक्ति दिइनेछ ।

(क) आन्तरिक प्रतियोगितामा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नामावली प्रकाशन भएको मितिदेखि ।

(ख) उजुरी खारेज भएमा वा पहिलेको आन्तरिक प्रतियोगिताद्वारा सिफरिस नै कायम भएमा पहिलो पटक आन्तरिक प्रतियोगिताको सिफारिस प्रकाशित भएको मितिले पोखरा विश्वविद्यालय शिक्षक तथा कर्मचारीसम्बन्धी नियमावली २०५५ को नियम ७ (३) मा व्यवस्था भएको दिनदेखि ।

(ग) अदालतमा सेवा आयोगले गरेको सिफारिस वा कुनै उम्मेदवारको विरुद्ध मुद्दा परी सिफारिस नै बदर भएमा पुनः आयोगले सो सम्बन्धी निर्णय गरेमा पछिल्लो पटक आयोगबाट निर्णय भएको मितिदेखि नियुक्ति दिइनेछ ।

## परिच्छेद-१२
## विविध

**३४. आयोगमा कार्यरत कर्मचारी स्वयं उम्मेदवार भएमा :**

पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालयमा कार्यरत कुनै शिक्षक वा कर्मचारी विज्ञापन भएको कुनै पनि पदमा आफु स्वयं उम्मेदवार भएको भए त्यस्ता शिक्षक कर्मचारीले आफु उम्मेदवार भएको पद र विषय समेत खुलाई आयोगका अध्यक्षलाई लिखित जानकारी गराउनु पर्नेछ । आयोगले त्यस्ता शिक्षक कर्मचारीलाई सो पद र विषयको परीक्षासंग सम्वन्धित कुनै पनि काममा संलग्न गराउनु हुदैन ।

**३५. विज्ञ मनोनयन गर्ने व्यवस्था :**

उप-प्राध्यापक र सह-प्राध्यापकको लागि विज्ञापन भएको पदभन्दा एक तह माथिको वाहालवाला एवं निवृत्त व्यक्तिलाई सेवा आयोगको रोष्टरमा नाम भएका विज्ञहरु मध्येबाट आयोगको बैठकले विज्ञमा नियुक्त गर्नुपर्नेछ । रोष्टरमा नाम नभएका व्यक्तिहरूलाई विज्ञ मनोनयन गर्नुपर्ने अवस्थामा आयोगको पूर्ण बैठकले निर्णय गरेर विज्ञ मनोनयन गर्न सक्नेछ । प्राध्यापक र सह-प्राध्यापक पदको लागि उपलब्ध भएसम्म पिएचडी (P.hD) भएका प्राध्यापकहरु मध्येवाट वाहालवाला एवं निवृत्त व्यक्तिलाई विज्ञ नियुक्त गनुपर्नेछ ।

**३६. प्रतियोगितामा सामेल हुन नपाउने अवस्था :**

विश्वविद्यालय सेवाका कुनै पनि पदका लागि हुने प्रतियोगितामा सामेल हुन नपाउने अवस्था देहायमा उल्लेख भएअनुसार रहेको छ ।

क) आन्तरिक प्रतियोगितामा लागि

१.निलम्वन भएकोमा निलम्वन अवधिभर ।

२.बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधिभर ।
३.तलव वृद्धि रोक्का भएको वा तलव घटाएको भए सो भएको मितिले एक वर्षसम्म ।
४.हालको पदमा ३ पटकसम्म नसियत पाएको भए अन्तिम पटक नसियत पाएको मितिले एक वर्षसम्म ।

ख) खुल्ला प्रतियोगितामा लागि

१.भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवावाट वर्खास्त गरिएको व्यक्ति ।
२.नैतिक पतन देखि फौजदारी अभियोगमा अदालतवाट कसुदार ठहरिएको व्यक्ति ।
३. गैर नेपाली नागरिक ।
४. उमेरहद कायम नभएको वा नाघेको ।

**३७.आवश्यक फारामहरू** :

सेवा आयोगले यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा आवश्यक पर्ने आवेदन फारम, मूल्याङ्कन फारमहरू र अन्य आवश्यक फारमहरू बनाई कार्यान्वयन गर्नसक्नेछ ।

**३८. दस्तुर निर्धारण :**

सेवा आयोगबाट सञ्चालन गरिने प्रतियोगिताको निमित्त आवेदन, परीक्षासम्बन्धी दस्तुर र अन्य खर्च कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

**३९. कार्यविधि संशोधन गर्ने** :

यस कार्यविधिलाई संशोधन गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

**४०. बाधा अडकाउ फुकाउने** :

यस कार्यविधिबमोजिम काम काज वा कार्यवाही गर्दा कुनै बाधा अड्काउ पर्न गएमा वा विवाद उठेमा ऐन तथा नियमको प्रतिकुल नहुने गरी त्यस्ता बाधा अड्काउ फुकाउने तथा कार्यविधिको व्याख्या गर्ने अन्तिम अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

## अनुसूची १

# पोखरा विश्वविद्यालयशिक्षक पदमा उम्मेदवार हुनका लागि न्यूनतम योग्यता

## प्राध्यापक पदमा उम्मेदवार हुनका लागि न्यूनतम योग्यता

सम्बन्धित विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण र पि.एचडी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तीमा १० वर्षको अध्यापन वा १० वर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण र पि.एचडी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तीमा १२ वर्षको अध्यापन वा १२ वर्षको अनुसन्धान अनुभव

अथवा

सम्बन्धित विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तीमा १३ वर्षको अध्यापन वा १३ वर्षको अनुसन्धान अनुभव

अथवा

सम्बन्धित विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तीमा १५ वर्षको अध्यापन वा १५ वर्षको अनुसन्धान अनुभव

अथवा

सम्बन्धित विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण र पि.एचडी. तथा सम्बन्धित क्षेत्रमा कम्तीमा १४ वर्ष काम गरेको अनुभव वा सम्बन्धित विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण र सम्बन्धित क्षेत्रमा कम्तीमा १८ वर्ष काम गरेको अनुभव

## सह-प्राध्यापक पदमा उम्मेदवार हुनका लागि न्यूनतम योग्यता

सम्बन्धित विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण र पि.एचडी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तीमा ८ वर्षको अध्यापन वा ८ वर्षको अनुसन्धान अनुभव

अथवा

सम्बन्धित विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण र पि.एचडी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तीमा १० वर्षको अध्यापन वा १० वर्षको अनुसन्धान अनुभव

अथवा

सम्बन्धित विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तीमा ११ वर्षको अध्यापन वा ११ वर्षको अनुसन्धान अनुभव

अथवा

सम्बन्धित विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तीमा १३ वर्षको अध्यापन वा १३वर्षको अनुसन्धान अनुभव

अथवा

सम्बन्धित विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण र पि.एचडी. तथा सम्बन्धित क्षेत्रमा कम्तीमा १२ वर्ष काम गरेको अनुभव वा सम्बन्धित विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण सम्बन्धित क्षेत्रमा कम्तीमा १४ वर्षको काम गरेको अनुभव

## उप-प्राध्यापक पदमा उम्मेदवार हुनका लागि आवश्यक न्यूनतम योग्यता

सम्बन्धित विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह न्यूनतम द्वितीय श्रेणीमा उत्तीर्ण गरेको ।

**प्रशिक्षक पदमा उम्मेदवार हुनका लागि न्यूनतम योग्यता**

प्राविधिक विषयमा स्नातक वा सहायक प्रशिक्षकको न्यूनतम योग्यता पूरा गरी ८ वर्षको अनुभव भएको ।

**उप-प्रशिक्षक पदमा उम्मेदवार हुनका लागि न्यूनतम योग्यता**

सहायक प्रशिक्षकको न्यूनतम योग्यता पूरा गरी ४ वर्षको अनुभव भएको ।

**सहायक प्रशिक्षक पदमा उम्मेदवार हुनका लागि न्यूनतम योग्यता**

सम्बन्धित प्राविधिक विषयमा ३ वर्षे डिप्लोमा पास गरेको ।

द्रष्टव्यः- मिति २०६६।५।२२ को कार्यकारी परिषद्को बैठकबाट विश्वविद्यालयको विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत मेडिकल ल्याब टेक्नोलोजी, पब्लिक हेल्थ र फार्मेसी विषयको कार्यक्रमतर्फ प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक पदका लागि आवश्यक थप योग्यता तपसिल बमोजिम निर्धारण रहेको छ ।

सम्बन्धित व्यवसायिक परिषद्मा नाम रजिष्ट्रेशन (दर्ता) भएको हुनुपर्नेछ र प्राप्त रजिष्ट्रेशन नम्बर उल्लेख भएको प्रमाणपत्र पेश गर्नुपर्नेछ । यसका अतिरिक्त सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता गराउनुपर्ने विषयहरुको लागि अनिवार्य रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्नेछ ।

**खुल्ला प्रतियोगितामा उम्मेदवार हुनको लागि उमेरको हद**

खुल्ला प्रतियोगितामा उम्मेदवार हुनको लागि प्रशिक्षक सहायक प्रशिक्षक र उप प्रशिक्षकहरुका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (तर महिलाको हकमा ४० वर्ष ननाघेको), प्रशिक्षक र उप-प्राध्यापक पदमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

## अनुसूची–२

समावेशी तर्फ छुट्याईएका पदमा दरखास्त दिदा देहायका आधरमा दिनुपर्नेछ ।

**१. आदिवाशी/जनजातिका हकमाः-**

आदिवासी/जनजातिका हकमा नेपाल आदिवाशी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**२. मधेशीको हकमाः-**

मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणीत गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेशी भनी प्रमाणीत गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**३. दलितको हकमाः-**

दलितको हकमा राष्ट्रिय दलित आयोगवाट सूचीकृत भएको जातिको सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**४. अपाङ्गका हकमाः-**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्वाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

**५. पिछडिएको क्षेत्रको हकमाः-**

पिछडिएको क्षेत्र भन्नाले आछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा,वझाङ्ग, वाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहबाट आवेदन दिनेहरूले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास भएको उल्लेख गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी वसोवास भएको भनी बसाइँ-सराइँ प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नुपर्नेछ ।

## अनुसूची ३

प्राध्यापक र सह-प्राध्यापक पदको आन्तरिक प्रतियोगिताको लागि अनुसन्धान तथा कृति मूल्याङ्कन फाराम

उम्मेदवारको नामः

आवेदित पदः विज्ञापन नंः

हालको पदः हालको पदमा नियुक्ति मितिः

शुरु स्थायी नियुक्ति मितिः शुरु नियरक्ति भएको पदः

(१) सम्बन्धित विषयको पाठ्पुस्तक/सन्दर्भ ग्रन्थ

| पुस्तकको शीर्षक | पठ्क्रममा उल्लेखित विषयवस्तुको ढकाई( Coverage) | विषयवस्तुको गहिराई | भाषा | तह अनुरुपको बिषयवस्तुको प्रस्तुतीकरण | आवश्यक चार्ट, चित्र, तालिका | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(२) सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ

| पुस्तकको शीर्षक | मौलिक खोज अनुसन्धानमा आधारित | सम्बन्धित विषयलाई योगदान पुग्ने | भषा र प्रस्तुतीकरणको स्तर | विषयवस्तुको गहिराइ | आवश्यक चार्ट, चित्र, तालिका | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(३) सम्बन्धित विषयको अनुसन्धनात्मक प्रतिवेदन

| प्रतिवेदनको शीर्षक | विषयसँग सम्बन्धित | उद्देश्य अनुरुप विषय वस्तुको संगठन र प्रस्तुतीकरण | अनुसन्धान विधिको स्पष्टता | विश्लेषण र विवेचनाको गहनता | निष्कर्ष वा प्राप्तिहरूमा आधारित सुझाव | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(४) विषयगत अन्तराष्ट्रिय जर्नलमा प्रकाशित अनसन्धानात्मक लेख

| लेखको शीर्षक | जर्नलको स्तर | उद्देश्य अनुरुप विषय वस्तुको संगठन र प्रस्तुतीकरण | अनुसन्धान विधिको प्रयोग | विश्लेषण ा | मैलिकता | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(५) बिषयगत राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख

| लेखको शीर्षक | जर्नलको स्तर | उद्देश्य अनुरुप विषय वस्तुको संगठन र प्रस्तुतीकरण | अनुसन्धान विधिको प्रयोग | विश्लेषण | मैलिकता | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(६) बिषयगत साधारण लेख

| लेखको शीर्षक | शीर्षक र विषयवस्तुको सम्बन्ध | भाषा र प्रस्तुतीकरण | मैलिकता | लेख प्रकाशित भएको कृतिको स्तर | सम्बन्धित विषयले समाजमा पार्ने प्रभाव | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

मूल्याङ्कनकर्ताको
नाम:
पद:
हस्ताक्षर:

मूल्याङ्कनकर्ताको
नाम:
पद:
हस्ताक्षर:

मूल्याङ्कनकर्ताको
नाम:
पद:
हस्ताक्षर:

**अनुसूची ४**

प्राध्यापक, सह-प्राध्यापक र उप-प्राध्यापक पदको खुल्ला प्रतियोगिताको लागि पुस्तक तथा अनुसन्धानात्मक कृति मूल्याङ्कन फाराम

उम्मेदवारको नामः

आवेदित पदः विज्ञापन नंः

हालको पदः हालको पदमा नियुक्ति मितिः

शुरु स्थायी नियुक्ति मितिः शुरु नियुक्ति भएको पदः

(१) सम्बन्धित विषयको पाठ्पुस्तक/ सन्दर्भ ग्रन्थ

| पुस्तकको शीर्षक | पठ्क्रममा उल्लेखित विषयवस्तुको ढकाइ ( Coverage) | विषयवस्तुको गहिराई | भाषा | तह अनुरुपको बिषयवस्तुको प्रस्तुतीकरण | आवश्यक चार्ट, चित्र, तालिका | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(२) सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ

| पुस्तकको शीर्षक | मौलिक खोज अनुसन्धानमा आधारित | सम्बन्धित विषयलाई योगदान पुग्ने | भषा र प्रस्तुतीकरणको स्तर | विषयवस्तुको गहिराई | आवश्यक चार्ट, चित्र, तालिका | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(३) सम्बन्धित विषयको अनुसन्धतात्मक प्रतिवेदन

| प्रतिवेदनको शीर्षक | विषयसँग सम्बन्धित | उद्देश्य अनुरुप विषय वस्तुको संगठन र प्रस्तुतीकरण | अनुसन्धान विधिको स्पष्टता | विश्लेषण र विवेचनाको गहनता | निर्ष्कष वा प्रप्तिहरुमा आधारित सुझाव | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(४) बिषयगत अन्तराष्ट्रिय जर्नलमा प्रकाशित अनसन्धानात्मक लेख

| लेखको शीर्षक | जर्नलको स्तर | उद्देश्य अनुरुप विषय वस्तुको संगठन र प्रस्तुतीकरण | अनुसन्धान विधिको प्रयोग | विश्लेषण | मैलिकता | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(५) बिषयगत राष्ट्रिय जर्नलमा प्रकाशित अनसन्धानात्मक लेख

| लेखको शीर्षक | जर्नलको स्तर | उद्देश्य अनुरुप बिषय वस्तुको संगठन र प्रस्तुतीकरण | अनुसन्धान विधिको प्रयोग | विश्लेषण | मैलिकता | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

(६) विषयगत साधारण लेख

| लेखको शीर्षक | शीर्षक र विषयवस्तुको सम्बन्ध | भाषा र प्रस्तुतीकरण | मैलिकता | लेख प्रकाशित भएको कृतिको स्तर | सम्बन्धित विषयमा समाजमा पार्ने प्रभाव | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा अङ्क | | | | | | |

मूल्याङ्कनकर्ताको
नामः
पदः
हस्ताक्षरः

मूल्याङ्कनकर्ताको
नामः
पदः
हस्ताक्षरः

मूल्याङ्कनकर्ताको
नामः
पदः
हस्ताक्षरः

**अनुसूची ५**

## स्कूल र विभागका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फारम

**१. व्यक्तिगत विवरणः**

शिक्षकको नामः
जन्म मितिः
हालको पदः
हालको पदमा नियुक्ति मितिः सेवा :
समूहः श्रेणीः
सुरु स्थायी नियुक्ति मितिः सुरु नियुक्ति भएको पदः
हाल संगठन/निकायमा सेवा सुरु गरेको मितिः

२. सबैभन्दा माथिल्लो शैक्षिक योग्यताः
३. तालिम, गोष्ठी आदिमा भाग लिएको विवरण (हालको पदमा नियुक्ति भएपछि)
४. आफ्नो कार्यस्तर अभिवृद्धिका लागि गरेको कामको विवरण
५. कुनै पुरस्कार पाएको भए उल्लेख गर्नेः
६. विभागीय कारवाही भएको भए उल्लेख गर्नेः

मितिः आवेदकको सहीः

---------------
संगठन वा निकाय प्रमुख
मितिः कार्यालयको छाप

## सुपरीवेक्षकले भर्ने फारम

सुपरीवेक्षकका हैसियतले कार्य सम्पादन मूल्याङ्कन गर्न देहाय अनुसारको बुँदाहरू दिइएको छ । मूल्याङ्कनकर्ताले प्रत्येक बुँदामा दिइएको उचित स्केल सबैमा रेजा ( √ ) चिन्ह लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुनेछ । कुनै कोठामा रेजा नलगाएको पाइएमा त्यसमा सामान्यस्तर कायम हुनेछ ।

| क्र.स. | वैयक्तिक गुणहरू | अति उत्तम | उत्तम | सामान्य | न्यून |
|---|---|---|---|---|---|
| १. | समयको परिपालना | १० | ८ | ६ | ४ |
| २. | नैतिकता र आचरण | ५ | ४ | ३ | २ |
| ३. | विद्यार्थीलाई सहयोग गर्ने प्रवृति | १५ | १३ | ११ | ९ |
| ४. | अध्यापनमा सृजनशीलता, लगनशीलता | १० | ८ | ६ | ४ |
| ५. | नविनतम प्रविधिको प्रयोग गर्न सक्ने क्षमता | ५ | ४ | ३ | २ |
| ६. | अनुसन्धानको क्षमता र स्तर | १५ | १३ | ११ | ९ |
| ७. | तोकिएको भार र लिएको कक्षा | १५ | १२ | ९ | ६ |
| ८. | विद्यार्थी उत्तीर्ण प्रतिशत | ५ | ४.५ | ४ | ३.५ |
| ९. | प्राध्यापन स्तर | १० | ८ | ६ | ४ |
| १०. | निकायको अन्य काममा सहयोग | १० | ८ | ६ | ४ |

जम्मा प्राप्ताङ्क अङ्कमा.........................
(अक्षरमा.........................................)

कूल प्राप्ताङ्क ९० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा घटी दिएमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । कारण नजनाई कूल प्राप्ताङ्क ९० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा घटी दिएको पाइएमा अधिकतम ९० प्रतिशतभन्दा बढी न्यूनतम ७० प्रतिशत अङ्क नै कायम हुनेछ ।

.............................................................................................................................
.............................................................................................................................

मूल्याङ्कनकर्ताको नामः सहीः
पदः
कार्यालयः
मितिः

कार्यालयको छाप

## पुनरावलोकनकर्ताबाट प्रदान गरिने अङ्क

जम्मा प्राप्ताङ्क अङ्कमा.......................... (अक्षरमा..........................................)

पुनरावलोकनकर्ताले मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्कमा २० प्रतिशतभन्दा बढी वा कम अङ्क प्रदान गर्नु परेमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । कारण नजनाई कूल प्राप्ताङ्क २० प्रतिशतभन्दा बढी वा घटी अङ्क प्रदान गरेको पाइएमा ५० प्रतिशत अङ्क नै कायम हुनेछ ।

मूल्याङ्कनकर्ताको नामः सहीः
पदः
कार्यालयको छाप :

**सेवा आयोगको कार्यालयको प्रयोजनका निमित्त**

मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्कः
पुनर्मूल्याङ्कनकताबाट प्रदान गरिएको अङ्कः
**जम्मा अङ्क :**

..................... .....................
तयार गर्ने रुजू गर्ने

**मूल्याङ्कनको आधारः**

(१) नियमित रुपमा कक्षा लिएका शिक्षकहरूलाई समयको पालना शीर्षकमा अति उत्तम अङ्क प्रदान गर्ने, विना सूचना कक्षामा अनुपस्थित हुनेलाई सामान्य वा न्यून अङ्क प्रदान गर्ने ।
(२) पोखरा विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम, २०५५ को आचरण पालना गरेको आधारमा नैतिकता र आचरण शीर्षकमा मूल्याङ्कन गर्ने । विना स्वीकृति विश्वविद्यालय सेवा बाहिर काम गरेकालाई अति उत्तम र उत्तम अङ्क प्रदान नगर्ने ।
(३) नियमित कक्षा बाहेक विद्यार्थीहरूलाई अध्ययनमा गरेको सहयोगको आधारमा विद्यार्थी सहयोग शीर्षकमा मूल्याङ्कन गर्ने ।
(४) अध्यापन गर्दा विधि राम्रो प्रयोगको आधारमा सृजनशीलता शीर्षकमा मूल्याङ्कन गर्ने । विद्यार्थीहरूबाट पटक पटक गुनासो आउने शिक्षकलाई सामान्य वा न्यून अङ्क प्रदान गर्ने ।
(५) अध्यापन, अनुसन्धान, सेमिनार, गोष्ठीमा प्रविधि प्रयोग गरेको आधारमा प्रविधि प्रयोग शीर्षकमा मूल्याङ्कन गर्ने ।
(६) शिक्षकको अनुसन्धान कार्यमा संलग्नतालाई आधार मानी अनुसन्धान शीर्षकमा मूल्याङ्कन गर्ने ।
(७) स्नातकोत्तर तहमा १२ घण्टा र स्नातक तहमा १८ घण्टा साप्ताहिक कक्षा भार वा सोभन्दा बढी भएकालाई मात्र कक्षा भार शीर्षकमा अति उत्तम अङ्क प्रदान गर्ने । साप्ताहिक कक्षा भार स्नातकोत्तर तहमा ९ घण्टा र स्नातक तहमा १५ घण्टा वा सोभन्दा बढी भएकालाई उत्तम, साप्तहिक कक्षा भार स्नातकोत्तर तहमा ६ घण्टा र स्नातक तहमा १२ घण्टा वा सो भन्दा बढी भएकालाई सामान्य, ६ घण्टा र १२ घण्टाभन्दा कम हुनेलाई न्यून अङ्क प्रदान गर्ने ।
(८) शिक्षकले अध्यापन गराउने विद्यार्थी मध्ये ५० प्रतिशतभन्दा बढी उत्तीर्ण भएमा विद्यार्थी उत्तीर्ण प्रतिशत शीर्षकमा अति उत्तम अङ्क प्रदान गर्ने । विद्यार्थी उत्तीर्ण प्रतिशत ४० प्रतिशतभन्दा बढी भएमा प्रतिशत भएमा उत्तम, २० प्रतिशतभन्दा बढी भएमा सामान्य र २० प्रतिशतभन्दा कम भएकालाई न्यून अङ्क प्रदान गर्ने ।
(९) कार्यालयमा कुनै समिति वा अन्य तोकिएको कार्यमा सहयोग गरेवापत निकायका अन्य काममा सहयोग शीर्षकमा अङ्क प्रदान गर्ने ।

अनुसूची ६

## अनुसन्धान केन्द्रका शिक्षकहरू तथा अनुसन्धानकर्ताहरूको कार्य सम्पादन मूल्याङ्कन फारम

**१. व्यक्तिगत विवरणः**

शिक्षकको नामः

जन्म मितिः

हालको पदः

हालको पदमा नियुक्ति मितिः सेवा :

समूहः श्रेणीः

सुरु स्थायी नियुक्ति मितिः सुरु नियुक्ति भएको पदः

हाल संगठन/निकायमा सेवा सुरु गरेको मितिः

२. सबैभन्दा माथिल्लो शैक्षिक योग्यताः

३. तालिम, गोष्ठी आदिमा भाग लिएको विवरण (हालको पदमा नियुक्ति भएपछि)

४. आफ्नो कार्यस्तर अभिवृद्धिका लागि गरेको कामको विवरण

५. कुनै पुरस्कार पाएको भए उल्लेख गर्नेः

६. विभागीय कारवाही भएको भए उल्लेख गर्नेः

मितिः आवेदकको सहीः

---------------

संगठन वा निकाय प्रमुख

मितिः कार्यालयको छाप

# सुपरीवेक्षकले भर्ने फारम

सुपरीवेक्षकका हैसियतले कार्यसम्पादन मूल्याङ्कन गर्न देहाय अनुसारको बुँदाहरू दिइएको छ । मूल्याङ्कनकर्ताले प्रत्येक बुँदामा दिइएको उचित स्केल सबैमा रेजा (√ ) चिन्ह लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुनेछ । कुनै कोठामा रेजा नलगाएको पाइएमा त्यसमा सामान्य स्तर कायम हुनेछ ।

| क.स. | वैयक्तिक गुणहरू | अति उत्तम | उत्तम | सामान्य | न्यून |
|---|---|---|---|---|---|
| १. | समयको परिपालना | १० | ८ | ६ | ४ |
| २. | नैतिकता र आचरण | ५ | ४ | ३ | २ |
| ३. | अनुसन्धान प्रस्ताव लेखन (Proposal Writing)/ गुणस्तर | १० | ८ | ६ | ४ |
| ४. | पुस्तकालय सर्वेक्षण | ५ | ४ | ३ | २ |
| ५. | अनुसन्धान प्रतिवेदन लेखन | १० | ८ | ६ | ४ |
| ६. | अनुसन्धान अनुदान प्राप्त गर्न सहयोग | १० | ८ | ६ | ४ |
| ७. | कार्यभार वहन गर्न सक्ने क्षमता | १५ | १२ | ९ | ६ |
| ८. | अनुसन्धान कार्यमा योगदान | १० | १२ | ९ | ६ |
| ९. | अनुसन्धानको स्तर | १० | ८ | ६ | ४ |
| १०. | अनुसन्धान प्रकाशन | १० | ८ | ६ | ४ |
| ११. | निकायको अन्य काममा सहयोग | ५ | ४ | ३ | २ |

जम्मा प्राप्ताङ्क अङ्कमा..........................
(अक्षरमा.........................................)

कूल प्राप्ताङ्क ९० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा घटी दिएमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । कारण नजनाई कूल प्राप्ताङ्क ९० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा घटी दिएको पाइएमा अधिकतम ९० प्रतिशतभन्दा बढी न्यूनतम ७० प्रतिशत अङ्क नै कायम हुनेछ ।
.............................................................................................................................
.............................................................................................................................

मूल्याङ्कनकर्ताको नाम: सही:
पद:
कार्यालय:
मिति:

कार्यालयको छाप

## पुनरावलोकनकर्ताबाट प्रदान गरिने अङ्क

जम्मा प्राप्ताङ्क अङ्कमा.......................... (अक्षरमा..........................................)

पुनरावलोकनकर्ताले मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्कमा २० प्रतिशतभन्दा बढी वा कम अङ्क प्रदान गर्नु परेमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । कारण नजनाई कूल प्राप्ताङ्क २० प्रतिशतभन्दा बढी वा घटी अङ्क प्रदान गरेको पाइएमा ५० प्रतिशत अङ्क नै कायम हुनेछ ।

मूल्याङ्कनकर्ताको नामः सहीः
पदः
कार्यालयको छाप :

**सेवा आयोगको कार्यालयको प्रयोजनका निमित्त**

मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्कः
पुनर्मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्कः
**जम्मा अङ्क :**

..................... .....................
तयार गर्ने रुजू गर्ने

**अनुसूची ७**

## पदधिकारीको कार्य सम्पादन मूल्याङ्कन फारम

**१. व्यक्तिगत विवरणः**

शिक्षकको नामः

जन्म मितिः

हालको पदः

हालको पदमा नियुक्ति मितिः सेवा :

समूहः श्रेणीः

सुरु स्थायी नियुक्ति मितिः सुरु नियुक्ति भएको पदः

हाल संगठन/निकायमा सेवा सुरु गरेको मितिः

२. सबैभन्दा माथिल्लो शैक्षिक योग्यताः

३. तालिम, गोष्ठी आदिमा भाग लिएको विवरण (हालको पदमा नियुक्ति भएपछि)

४. आफ्नो कार्यस्तर अभिवृद्धिका लागि गरेको कामको विवरणः

५. कुनै पुरस्कार पाएको भए उल्लेख गर्नेः

६. विभागीय कारवाही भएको भए उल्लेख गर्नेः

मितिः आवेदकको सहीः

---------------

संगठन वा निकाय प्रमुख

मितिः कार्यालयको छाप

## सुपरीवेक्षकले भर्ने फारम

सुपरीवेक्षकका हैसियतले पदाधिकारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न देहाय अनुसारको बुँदाहरू दिइएको छ । मूल्याङ्कनकर्ताले प्रत्येक बुँदामा दिइएको उचित स्केल सबैमा रेजा (√) चिन्ह लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुनेछ । कुनै कोठामा रेजा नलगाएको पाइएमा त्यसमा सामान्य स्तर कायम हुनेछ ।

| क.स. | वैयक्तिक गुणहरू | अति उत्तम | उत्तम | सामान्य | न्यून |
|---|---|---|---|---|---|
| १. | नैतिकता र आचरण | १० | ८ | ६ | ४ |
| २. | समयको परिपालना | ५ | ४ | ३ | २ |
| ३. | कार्यप्रति उत्साह र लगनशीलता | ५ | ४ | ३ | २ |
| ४. | कार्यसंग सम्बन्धित समस्या समाधान गर्ने क्षमता | ५ | ४ | ३ | २ |
| ५. | तोकिए अनुसारको कार्य सम्पादन स्तर | १० | ८ | ६ | ४ |
| ६. | निर्देशनको पालना | ५ | ४ | ३ | २ |
| ७. | कार्यमा परिपक्वता | ५ | ४ | ३ | २ |
| ८. | कार्यसम्पादन क्षमता, निर्णय गर्न सक्ने सामर्थ्य | १० | ८ | ६ | ४ |
| ९. | सिर्जनामत्क शैलिबाट काम गर्न सक्ने क्षमता | ५ | ४ | ३ | २ |
| १०. | निकायमा समय समयमा आई पर्ने समस्या समाधान गर्न सक्ने क्षमता | १० | ८ | ६ | ४ |
| ११. | संगठन वा निकाय प्रतिको प्रतिवद्धता | ५ | ४ | ३ | २ |
| १२. | पेशागत सिर्जनशीलता र पेशागत प्रतिवद्धता | ५ | ४ | ३ | २ |
| १३. | विभिन्न निकायसँग समन्वय गर्न सक्ने क्षमता | ५ | ४ | ३ | २ |
| १४. | माथिल्लो तहको जिम्मेवारी वहन गर्न सक्ने क्षमता | ५ | ४ | ३ | २ |
| १५. | मिलेर कार्य गर्न सक्ने क्षमता | ५ | ४ | ३ | २ |
| १६. | मातहतका शिक्षक, कर्मचारीलाई निर्देशन दिन सक्ने क्षमता | ५ | ४ | ३ | २ |
| जम्मा प्राप्ताङ्क अङ्कमा……………………… (अक्षरमा……………………………………) | | | | | |

कूल प्राप्ताङ्क ९० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा घटी दिएमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । कारण नजनाई कूल प्राप्ताङ्क ९० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा घटी दिएको पाइएमा अधिकतम ९० प्रतिशतभन्दा बढी न्यूनतम ७० प्रतिशत अङ्क नै कायम हुनेछ ।

मूल्याङ्कनकर्ताको नामः सहीः

पदः

कार्यालयः कार्यालयको छाप

मितिः

## पुनरावलोकनकर्ताबाट प्रदान गरिने अङ्क

जम्मा प्राप्ताङ्क अङ्कमा.......................... (अक्षरमा..........................................)

पुनरावलोकनकर्ताले मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्कमा २० प्रतिशतभन्दा बढी वा कम अङ्क प्रदान गर्नु परेमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । कारण नजनाई कूल प्राप्ताङ्क २० प्रतिशतभन्दा बढी वा घटी अङ्क प्रदान गरेको पाइएमा ५० प्रतिशत अङ्क नै कायम हुनेछ ।

मूल्याङ्कनकर्ताको नामः सहीः
पदः
कार्यालयको छाप :

## सेवा आयोगको कार्यालयको प्रयोजनका निमित्त

मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्कः
पुनर्मूल्याङ्कनकताबाट प्रदान गरिएको अङ्कः
**जम्मा अङ्क :**

..................... .....................
तयार गर्ने रुजू गर्ने